# मगर जातिको इतिहास अनि संस्कृति

## सिक्किमको सन्दर्भमा







132

सन्तोष आले

# लेखकको परिचय



नाम : सन्तोष आले
मातको नाम : श्रीमती नरीमाया आले मगर
पिताको नाम : स्व० गुरूसिङ आले मगर
जन्म : 11 नोवेम्बर, 1967, सुल्डुङ बस्ती, पश्चिम सिक्किम
शिक्षा : बी० एस्सी०, बी० ए० (उतर बंग विश्वविद्यालयबाट)
सम्प्रति : सहायक निर्देशक
ठेगाना : शिक्षा विभाग, गेजिङ - 737111, पश्चिम सिक्किम
प्रकाशित कृति : 1. तलाउभित्र अनुहार (कविता संग्रह-1994)
2. मगर जातिको इतिहास अनि संस्कृति सिक्किमको सन्दर्भमा (प्रस्तुत पुस्तक)
सम्पादन : 'गोरेटो' नेपाली सामयिक साहित्यिक पत्रिका (1986 देखी 1990 सम्म श्री (डा०) प्रेमचन्द्र राई र श्री बीरेन केरूङसित सम्पादक मण्डलीमा)

संलग्न संघ-संस्था :

- सदस्य, सिक्किम अकाडमी, गान्तोक, सिक्किम
- अध्यक्ष, पश्चिम सिक्किम जिल्ला स्तरीय समिति, अखिल सिक्किम मगर संघ
- मूल सचिव, सर्वधर्म मन्दिर समिति, मंगलबारे, प० सिक्किम
- सदस्य, युवा साहित्य प्रतिष्ठान, गान्तोक, सिक्किम
- शिक्षा समन्वयक, श्री सत्य साई भजन मण्डली, मंगलबारे, प० सिक्किम
- सदस्य, भारतीय गोर्खा परिसंघ

सम्बर्द्धना / अभिनन्दन :

- सम्बर्द्धना, 2000 (सहस्राब्दी भाव तरंग समिति, मंगलबारे, प० सिक्किम)
- अभिनन्दन, दिसम्बर, 2003 (स्प्रीङडेल एकाडमी, मंगलबारे, प० सिक्किम)

# विषयानुक्रम :


❍ भूमिकाकारको कलम

❍ मैले भन्नु पर्दा

❍ प्रकाशकको तर्फबाट

1. मगर जातिः एक संक्षिप्त अध्ययन........................ 1
2. ऐतिहासिक परिप्रेक्ष्यमा सिक्किमेली मगरहरु........................ 8
3. सिक्किमस्थित विभिन्न मगरजोङहरूको एक सर्वेक्षण............ 44
4. सिक्किमेली मगर जातिका सांस्कृतिक परम्पराहरू............ 70
   - *(क) संस्कार पद्धति* 70
   - *(ख) धर्म* 91
   - *(ग) चाढ़पर्वहरू* 93
   - *(घ) भेषभूषा, गहना र खानपिन* 106
   - *(ङ) उत्तराधिकार* 109
   - *(च) मारुनी नाँच* 110
5. मगरका थर र उपथरहरू........................ 129
6. व्यवसाय........................ 139
7. सिक्किमका केही अग्रगण्य मगर व्यक्तित्वहरू........................ 143
8. अखिल सिक्किम मगर संघः एक हेराइ........................ 161
9. सिक्किममा मगर भाषा र लिपि........................ 170
10. मगर भाषामा केही सामान्य शब्द र वाक्यहरू........................ 184
11. उपसंहार........................ 200

## भूमिकाकारको कलम

# मगर जातिको इतिहास अनि संस्कृति

*सिक्किमको सन्दर्भमा*

*- बारे दुइ शब्द*

मगर जातिको मूल थलो वर्तमान नेपालको गण्डकी प्रस्रवण क्षेत्रलाई मानेका छन् मानवशास्त्री, भाषाशास्त्री एवं इतिहासकारहरुले। नेपालको पाल्पा, स्याङजा, गुल्मी, कास्की आदि जिल्लाहरुमा पनि मगरहरु जनघनत्वमा रहेका पाइन्छन् । यसबाहेक भारत गणराज्यको सिक्किम, पश्चिम बंगालको पार्वत्य इलाका, भारतको पूर्वोत्तर राज्यहरुमा पनि मगरहरुको प्रचुर रासोबासो पाइन्छ । प्रसिद्ध पशिचमेली विद्वानहरु यथा हजसन (अध्ययन 1878); अस्टिन हेल (अध्ययन 1970); बारबरा सेफार्ड (अध्ययन 1971) आदि तथा नेपाली विद्वान डा० सुभद्रा सुब्बा (दाहाल) (अध्ययन 1972) आदिले गरेका अध्ययनहरुमा नेपालमा बसोबासो गर्ने मगरहरुको भाषा तथा संस्कृतिमा नै संकेन्द्रण रहेको पाइन्छ । नेपाल बाहिरका मगरबारेको अध्ययन अद्यापि अनुसन्धेय नै रहेको छ । यस दिशामा श्री सन्तोष आलेज्यूले लेख्नु भएको प्रस्तुत पुस्तकले एउटा नयाँ द्वार खोलिदिएको छ ।

विद्वानहरुले नेपालमा बोलिने मगर भाषाका विभिन्न भाषिकाहरु भएको बताएका छन् । जस्तै, गुल्मीदेखि पूर्वका मगरहरुले पूर्वेली मगर

भाषिका तथा गुल्मीदेखि पश्चिमका मगरहरुले पश्चिमेली मगर भाषिका बोल्छन् भनिएको छ । यता भारतका विभिन्न भागमा बसोबासो गर्ने मगरहरुले उक्त दुइ भाषिकामध्ये कुनचाहिँ बोल्छन् अथवा त्यसदेखि केही भिन्न अर्को तेस्रो भाषिका बोल्छन् कि ? यद्यपि श्री आलेज्यूले मगर भाषाका केही उदाहरण पाठकअघि राखिदिएका छन् । यो विषय भाषाशास्त्रीहरुका निम्ति खोजको विषय हो ।

मगर भाषाले अप्नाएको मगर लिपि मूलतः ब्राह्मी लिपिकै आधार लिएर निर्माण गरिएको लिपि हो भन्नका निम्ति मगर लिपि चिन्हद्वारा प्रतिनिधित्व गरिएको मूल्य अर्थात् भाषाको वर्ण एकाईलाई सो लिपि चिन्हद्वारा प्रतिनिधित्व भएको थाहा लाग्दछ । संसारमा चार प्रकारका लिपि व्यवस्था पाइएका छन् जसमध्येको एउटा 'वर्ण लिपि' हो, जो मूलरुपमा ब्राह्मी लिपिबाट विकसित भएको हो । श्री आलेज्यूले मगर लिपिको चर्चा गर्ने क्रममा यस लक्ष्यपट्टि ध्यान दिनुपर्ने कुरा भविष्यलाई छोड़िदिएका छन् ।

सिक्किमको सन्दर्भभित्र मगर उपजातिमा संकेन्द्रण श्री आलेज्यूको प्रस्तुत अध्ययन सिक्किमको भविष्य अनेक परिदृश्यमा अहम् भूमिका निर्वाह गर्ने खालको छ । सिक्किमको 'ला-मेन्-चोङ सुम' नामक प्रसिद्ध सम्झौताकरारभित्रको 'चोङ' शब्दले लिम्बूसित मगर जातिलाई पनि समेटेको कुराको उल्लेख स्व० इमानसिंह चेम्जोङज्यूले पनि गरिसकेका छन् । यसबाट स्पष्ट हुन्छ भोटिया जातिले सिक्किममा आफ्नो राजत्व स्थापना गर्नभन्दा धेरै पहिलादेखि नै मगरहरु सिक्किमका रैथाने थिए लाग्छे र लिम्बू सरह नै । यसको पुष्टिका निम्ति लेखकले

सिक्किममा भएका विभिन्न 'मगरजोङ'-को संक्षिप्त परिचयलाई अघि सारेका छन् ।

यस पुस्तकमा लेखकले मगरहरुका संस्कार, संस्कृति, भोगचलन, रीतिथीति, लुवाइ खुवाइ इत्यादि व्यापक क्षेत्रलाई संक्षिप्तमा समेटेका छन् । अन्य मंगोलीय समुदाय झैं मगरहरु पनि आदिकालमा प्रकृतिपूजक रहेको तथ्य मानवशास्त्रीय अध्ययनगत निष्कर्ष हो। तथापि कालान्तरमा अन्य मंगोलीय समूहभन्दा धेरै बढ़ी मात्रामा मगरहरु हिन्दू सनातनी प्रभावमा परेको कुरो लेखिएको छ । अपितु यो प्रभाव विजेताको प्रभाव मात्र मान्नुहुन्न, यो सभ्यताको विकासक्रममा घट्ने समसामयिक आवश्यकताको प्रभाव भने धेरै हो । यसरी दक्षिण एसिया महाद्वीप, हिन्दू सनातनी एवं बौद्ध विचार पद्धतिदेखि मुक्त नभएको कुरो थाहा लाग्छ ।

मारुनी नृत्य नेपाली संस्कृतिभित्र एउटा महत्वपूर्ण नृत्य मानिएको छ । यो नृत्य सम्पूर्ण नेपाली संस्कृतिलाई मगर उपजातिको देन मानिएको छ । यसवारे लेखकले राम्रो खोज गरेका छन् र उनको जुन ठमाइ छ यसवारे, सो महत्वपूर्ण र सूचनात्मक लाग्दछ ।

सिक्किममा मगरहरु पनि छन् भन्ने कुरा मात्रै अहिलेसम्म धेरथोर सवैलाई थाहा थियो । तर यसरी श्री सन्तोष आलेज्यूले जुन सिक्किमे मगरवारेको इतिहास, रीतिरिवाज, खानपान, पहिरन, चाड़वाड़ आदि विभिन्न पक्षलाई समेटेर विस्तृत जानकारी दिने कोशिश यस पुस्तकमा गरेका छन्, यो नै लेखकको सफलता हो ।

सिक्किमका विभिन्न जात-जाति र उप-जातिहरु अघि-अघिदेखि नै एकार्काका सहयोगी बनी अघि बढ़िरहेका छन् । यसले गर्दा एकले अर्काको संवर्द्धन गर्न सक्यौं भने नै आपसी सहयोग युगयुगसम्म रहनेछ । आलेज्यूले "सहयोगीहरुलाई संवर्द्धना गरौं" भन्ने सूक्तिलाई अघि राखेर संवर्द्धनायोग्य काम गरेका छन् । उहाँलाई बधाई ।

इति ।

वी० वी० सुब्बा (मुरिङला नुगो),
अतिरिक्त निर्देशक (भाषा),
शिक्षा विभाग, सिक्किम सरकार,
गान्तोक ।

दिनांक : दिसम्वर, 2003 .

# मैले भन्नु पर्दा....

विश्वको वृहत्तम प्रजातान्त्रिक मुलुक भारतमा सम्मिलित हुनअघि सिक्किम एउटा छुट्टै देश थियो । कालान्तरमा समयका थुप्रै घात-प्रतिघात र उतार-चढ़ाउहरु भेल्दै अन्तमा सन् 1975 मा भारत देशको बाइसौं राज्य बनिन पुगिन् सिक्किम ।

प्राचीन सिक्किम र यहाँका रैथानेहरुको प्रसंगमा, परापूर्वकालदेखि बसोबासो गर्दै आएका लेप्चा, लिम्बू र मगरहरु नै सिक्किमका समकालीन, प्राचीनतम एवं आदिम निवासी हुन् । तीमध्ये लेप्चा र लिम्बू जातिहरुबारे धेरै कथा, लोककथा र इतिहासहरु लेखिए तर एकदुइ विद्वान इतिहासकारहरुद्वारा यदाकदा प्रसंगवश एकदुइ हरफ लेखिए अतिरिक्त सिक्किमका मगरहरुबारे सिंगो केही लेखिएन/लेखिएको छैन। फलस्वरुप, सिक्किममा मगरहरुको अस्तित्व र इतिहास नै विस्मृतिको कुइरोले पुरिसकेको छ ।

उपरोक्त विषयले धेरै अघिदेखि नै मलाई एकतमासले बिभाइरहन्थ्यो । सन् 1987-90 तिर सिक्किम सरकारी महाविद्यालयमा अध्ययनरत रहँदा पनि मेरा साथी-संगीहरुसित चर्चा गर्थें। सिक्किमबारे लेखिएका इतिहासहरु किनेर पढ्ने गर्थें । दूरदर्शी, जनसेवी, कवि एवं विद्वान मुख्यमन्त्री डा० पवन चाम्लिङज्यू अनि उहाँको वर्तमान सरकारको विभिन्न जाति र सम्प्रदायहरुको लुप्तप्राय: भाषा, लिपि, साहित्य, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने नीति र दरिलो कदमद्वारा

'मैले पनि सिक्किमेली मगर जातिसम्बन्धी केही गर्नुपर्छ' भनी अभिप्रेरित भएँ ।

सरकारी सेवाको व्यस्ततादेखि रहल समयमा सिक्किम र सिक्किमे मगर जातिबारे विगत दश वर्षभन्दा अघिदेखि अध्ययन र अनुसन्धान गर्न थालें । फलत: मेरो सीमित ज्ञान, अध्ययन र अनुसन्धानअनुरुप उपलब्ध सबै इतिहास, पुस्तक, बुज्रुक र स्रोत व्यक्तिहरुको सहायता र सन्दर्भ लिई यो पुस्तक 'मगर जातिको इतिहास अनि संस्कृति सिक्किमको सन्दर्भमा' तयार पार्न सकें । यसभित्रका अपूर्णता र सीमितताहरु अघिबाटै स्वीकार्छु अनि यसबारे विज्ञ पाठकहरुबाट थप जानकारी, सुझाउ, सृजनात्मक प्रतिक्रिया अनि आलोचनाहरुको स्वागत गर्दछु । सिक्किमका मगर जातिमाथि मात्र टिपोट जस्तो रुपमा लेखिएको यस पुस्तकले आगामी दिनहरुमा अरु इतिहासकार, विद्वान, मानवशास्त्री, लेखक र राजनेताहरुलाई सूक्ष्म कम्पनसम्म प्रदान गर्न सके र भविष्यमा मगर जातिसम्बन्धी उनीहरुबाट अझ केही ठोस काम भए मेरो प्रयास सफल भएको ठान्नेछु ।

## हार्दिक आभार एवं धन्यबाद ज्ञापन

◆ उहाँद्वारा संकलित दुर्लभ सन्दर्भ पुस्तकहरुसहित मलाई उत्साह र निर्देशन दिनु भएकोमा अनि यस पुस्तकको गहन भूमिका लेखिदिनु भएकोमा शिक्षा विभाग, सिक्किम सरकारका अतिरिक्त निर्देशक (भाषा) तथा लिम्बू जातिका चौथो शिरीजंगा, भाषाविद्,

इतिहासकार तथा गायक/संगीतकार श्री बी० बी० सुब्बा (मुरिङ्ला)-प्रति आजन्म आभारी रहनेछु।

✷ प्रस्तुत पुस्तक लेखनको निम्ति ममाथि पूर्ण आस्था राखी सधैं उत्साह दिइरहनु हुने अखिल सिक्किम मगर संघ, केन्द्रीय समितिका भूतपूर्व अध्यक्ष श्री गोविन्द थापा मगर अनि वर्तमान अध्यक्ष श्री वाइ० बी० थापा मगरप्रति सदैव ऋणी छु।

✷ यस पुस्तकको प्रकाशन जस्तो जटिल भार काँधमा लिइदिनु भएकोमा आदरणीय श्री असल थापा, श्री रोदन थापा, श्री जयप्रकाश थापा र श्री जगत थापाप्रति बेहद आभार व्यक्त गर्दछु।

✷ अनगिन्ती सहयोग, निरन्तर उत्साह र जाँगर जगाइरहने मेरा साथीहरु श्री दुर्गा थुलुङ, श्री सी० बी० राई, श्री अनिलराज राई, श्री विजय थापा अनि श्री पुरण राईप्रति सदैव आभारी छु।

✷ डा० राजेन्द्र भण्डारी, श्री पेम्पा तामंग, डा० वत्सगोपाल (डा० गोपाल दाहाल), श्री सी० डी० राई (गान्तोक), श्री धन 'निर्दोष' सुब्बा अनि श्री टी० एन० थापाप्रति उहाँहरुको सबल र सृजनात्मक सुझाउको निम्ति हार्दिक साधुवाद दिन चाहन्छु।

✷ श्री बी० बी० राना मगर, श्री जे० बी० थापा मगर, श्री डी० वी० राना मगर, श्री हरिप्रसाद थापा मगर, श्री डी० एम० थापा मगर, सुश्री अवीमाया थापा मगर, श्री विष्णु राना मगर, श्री के० बी० राना मगर, श्रीमती कुमारी थापा मगर, श्री जे० बी० रसाइली, श्री डम्बर

थापा मगर, श्री एस० बी० सुब्बा, श्रीमती जेमीत लेप्चा, श्री नरमान राई, सुश्री साङ्‌कित लेप्चा र सुश्री देउकित लेप्चाहरुप्रति तथ्य-तथ्यांकहरु बटुल्न, तस्वीर र कतिपय तुलनात्मक शब्दहरु संग्रह गर्न सहयोग गरे बापत् हार्दिक धन्यवाद दिन चाहन्छु।

✷ फाम्ताम मगरजोडका श्री ठलुराम छेत्री र कर्मटार, दार्जीलिङका श्री अवीर खालिङ अनि श्री पूर्ण पंचकोटीप्रति उहाँहरुको उदार र निस्वार्थ सहयोगको निम्ति सधैं ऋणी छु।

✷ श्री विष्णु प्रधान, श्री छिरिङपाञ्जो सेर्पा, श्री पी० आर० दुलाल, डा० प्रेमचन्द्र राई, सुश्री मोती सुब्बा, श्री सी० डी० राई (मंगलबारे), श्री शिवप्रसाद शर्मा र श्री पेमा ग्याल्छेन भोटियाप्रति यहाँहरुको निरन्तर हौसला र नैतिक साथको निम्ति कोटी-कोटी साधुवाद व्यक्त गर्दछु।

✷ शिक्षा विभाग, पश्चिम सिक्किमका संयुक्त निर्देशक श्री एम० पी० सुब्बा, उप निर्देशिका श्रीमती सी० के० कटुवाल अनि सहायक निर्देशक श्री के० सी० ग्याछोप्रति उहाँहरुको अटुट नैतिक साथ र उत्साहको निम्ति सधैं ऋणी छु।

✷ सुन्दर हस्तलिपिमा पाण्डुलिपि तयार पार्न सहयोग गरिदिनु भएकोमा श्री सुशीलकिरण राई, श्री दीपक तिवारी, सुश्री भीममाया मगर, श्री बसन्त मोक्तान र श्री जीवन राईप्रति धेरै साधुवाद जनाउँदछु।

✷ श्री बिक्रम गुरुङ, श्री वी० वी० थापा, श्री हरिशचन्द्र राना र श्री जी० एम० थापा मगरप्रति उहाँहरुको थुप्रै प्रत्यक्ष-अप्रत्यक्ष सहयोगको निम्ति सदैव आभारी छु।

✷ सबै सन्दर्भ स्रोत व्यक्तिहरु, सन्दर्भ पुस्तक र पत्र-पत्रिकाका लेखक, सम्पादक अनि प्रकाशकहरुप्रति विपुल धन्यबाद प्रकट गर्दछु ।

✷ अक्षर संयोजन अनि असल मुद्रणका निम्ति दर्पण पब्लीकेशन्स्, 41, पुरानो कचहरी विल्डीङ्ग, दार्जीलिङका श्री राम थापा, श्रीमती सारथी थापा अनि श्री दर्शन थापाप्रति असंख्य धन्यबाद ज्ञापन गर्दछु ।

✷ अन्तेमा, घरको सारा कामकाज आफ्नो काँधमा लिईकन लेखन-कार्यको निम्ति मलाई प्रचुर समय प्रदान गर्ने, आवरण चित्र र सिक्किमको मानचित्र तयार पार्न सहयोग पुऱ्याउने अनि हरक्षण, हर कदममा साथ दिँदै लेखन क्षेत्रमा निरन्तरता कायम गर्न भनी निरन्तर प्रेरणा दिइरहने मेरी प्रिय जीवनसंगिनी **दीपा आलेप्रति** जन्म-जन्मान्तरसम्म आभारी रहनेछु ।

अस्तु ।

08/12/03

8 दिसम्बर, 2003
मंगलबारे, प० सिक्किम ।

(सन्तोष आले)

# प्रकाशकको तर्फबाट


(असल थापा)


(रोदन थापा)


(जयप्रकाश थापा)


(जगत थापा)

सिक्किमको इतिहासमा मगर जातिको विशिष्ट स्थान छ। मगरहरु सिक्किम भूमिका लेप्चा र लिम्बू सरह प्राचीन र समकालीन निवासी हुन् । सिक्किमका विभिन्न स्थानमा मगरजोडहरु स्थापना गरी मगर राजा र मुखियाहरुले प्राचीनकालदेखि नै राज गर्दै आएका थिए । तर समयको गतिसित हातेमालो गर्दै अघि आउन चुकेका सिक्किमली मगरहरु यहाँका अन्य जातिभन्दा आर्थिक, शैक्षिक, राजनैतिक सबै क्षेत्रमा पछि छन् । सिक्किमेली मगर जातिको विषयमा यस घड़ीभन्दा अघिसम्म कुनै लेखक, इतिहासकार वा विद्वानले ठोस केही गर्ने अनि लेख्ने कोशिश गरेनन् । सारा सिक्किम, सिक्किमवासी र सिक्किमेली मगर जातिको निम्ति यो अति दुःखद् विषय रहिआएको छ ।

ठीक यस घड़ी, लामो पर्खाइपछि पश्चिम सिक्किम निवासी साहित्यकार तथा कवि श्री सन्तोष आलेले सिक्किमेली मगरहरुको इतिहास, स्थिति र सांस्कृतिक परम्पराहरुबारे गहन अध्ययन र अनुसन्धान गरी **'मगर जातिको इतिहास अनि संस्कृति** सिक्किमको

सन्दर्भमा' नामक शोधमूलक पुस्तक लेखी सिक्किम, सम्पूर्ण सिक्किमवासी र सिक्किमेली मगर जातिको निम्ति ठूलो गुण लाएका छन् । अति इमान्दारितासित पूर्वाग्रहरहित लेखिएको उनको यो पुस्तक सम्पूर्ण सिक्किमेलीको निम्ति एउटा अति महत्वपूर्ण र महत् कार्य सावित भएको छ भनी हामी विश्वस्त छौं। सिक्किमेली मगर जातिमाथि लेखिएको यो प्रथम ऐतिहासिक पुस्तक नितान्त पठनीय र संग्रहनीय छ। यो पुस्तक दार्जीलिङ र कालेबुङवासी मगरहरुका निम्ति पनि त्यत्तिकै उपयोगीसिद्ध हुनेछ किनकि दार्जीलिङ र कालेबुङ भूभाग पनि केही अघिसम्म सिक्किमकै अंग थियो जो पछि सिक्किमले गुमाउनु पऱ्यो ।

प्रस्तुत पुस्तकको लेखन र प्रकाशनपछि कवि श्री सन्तोष आलेले आफूलाई इतिहासकारको लहरमा पनि उभ्याउन सफल भएका छन् । यो पुस्तक लेख्नमा उनले खर्चेका समय र परिश्रम अति स्तुत्य छ जसलाई सिक्किम र सिक्किमवासीले एकदिन निश्चय चिन्नेछन् अनि मान्यता दिनेछन् ।

यस्तो स्तरीय, शोधमूलक र गहन पुस्तकको प्रकाशन गर्ने सुअवसर पाउँदा बेहद भाग्यशाली सम्झेका छौं। कवि तथा इतिहासकार श्री सन्तोष आलेलाई उनको यो ऐतिहासिक उपलब्धिका निम्ति धेरै बधाई अनि धन्यबाद दिन चाहन्छौं। यस पुस्तकले विज्ञ पाठक महानुभावहरुबाट न्यानो माया र उचित समर्थन पाउनेछ भनी आस्थावान छौं ।

उनले अझ यस्ता महत् कार्य र सेवा समाज, जाति, राज्य र देशप्रति गर्दै जान सकून् । उनको चिरायु र सफलताको कामना गर्दछौं।

धन्यवाद ,

(असल थापा) (रोदन थापा)

(जयप्रकाश थापा) (जगत थापा)

# मगर जातिः एक संक्षिप्त अध्ययन

नेपाली जातिको एक विशेष उप–जाति मानिने मगरहरू विशेषतः नेपाल, सिक्किम, दार्जीलिङ (पश्चिम बंगाल), डुवर्स (प० बंगाल), आसाम, मेघालय, मणिपुर, उत्तराञ्चल आदि ठाउँहरूमा छरिएर बसेका छन् । बाह्रौं शताब्दीभन्दा अघि राई, लिम्बू, गुरूङ, तामाङ, थारू, दनुवार जातिहरूलगायत मगरलाई पनि किराँती मानिन्थ्यो। तर पछि मगरहरू हिन्दू संस्कृतिप्रति प्रभावित भई आफ्नो रीति–रिवाज र धर्म छोड्दै हिन्दू संस्कृति र परम्परा अधिक मान्दै जान थालेदेखि किराँती भन्न छोडिएको हो। मगर जाति भोट– बर्मेली (Tibeto-Burmese) भाषीको परिवारभित्र पर्दछ ।

**शारीरिक बनावट :** मगरहरूको शारीरिक बनावट राई, लिम्बू, गुरूङ, तामाङ जातिहरूसित प्राय: मिल्दछ। हरदर 5' 3" उँचाइको मिलेको शरीर गहुँगोरो रंगको हुन्छ । नाक केही होंचो, सानो–सानो आँखा हुन्छ। जुंगा–दाह्री कम्ती हुन्छ। हात–खुट्टा र शरीरमा रौं पनि अधिक थोरै हुन्छ ।

**स्वभाव :** चञ्चलता नभएको, अनावश्यक कुराहरूमा ध्यान नदिने मगर जाति अति सोझो, रमाइलो, फर्साइलो र खुल्ला हृदयको हुन्छ । बेहद इमान्दारिता, नुनको सोझोपन, अनुशासनबद्धता, बीरता र बहादुरी मगरका वंशानुगत गुणहरू हुन्। एउटा काम पाएपछि त्यसैमा लागिपरिरहने, हत्तपत्त रीस नउठ्ने तर रीस उठेपछि आँखा नदेख्ने र एकोहोरो लाग्ने मगरको स्वभाव हुन्छ। तास–जुवा खेल्न रूचाउने, मदपान मन पराउने मगरहरू समग्रमा अति सरल र रसिक हुन्छन् । यद्यपि अहिले धेरजसोले मदपान गर्न छोड्दै आएका छन् ।

**उद्गम, विस्तार र नामकरण :** मगर जातिको उद्गम, विस्तार र नामकरणबारे केही स्थापित मत र सिद्धान्तहरू यस्ता छन्– किराँत मुन्धुमअनुसार मगरहरू हिमालयको उत्तरी भागमा स्थित 'सिन' नामक स्थानमा सर्वप्रथम देखा परेका थिए। सिङ मगर र चितु मगरको नेतृत्वमा मगरहरू उत्तरदेखि दक्षिणतिर झरेका थिए । (Chemjong, 1952) ① दक्षिण झर्दै उनीहरू सर्वप्रथम सिक्किममा प्रवेश गरी बस्न थाले।

मगरहरू पहिले मध्य–एशियाका निवासी हेप्ताल (हूण) थिए।② ईश्वी पाँचौं शताब्दीतिर मध्य एशियामा चीन र रूसको बीच स्टेप्पा मैदानमा (Plateau of Steppa) एउटा विशाल घोड़चढ़ीको युग थियो । पछि यिनै घोड़चढ़ीलाई टर्की मंगोल जाति पनि भनियो। यीमध्येका एक जाति हूण थियो। यिनीहरूले यूरोप र एशियाका धेरै देशहरूलाई काबुमा राखेका थिए । तीमध्ये सबभन्दा ठूला लड़ाका अहिलेका हूणहरूले हंगेरी र रोमलाई थर्काउनुको साथै पूर्वमा बेजिङसम्म पुगेका थिए । मंगोलियाको मगर सेनाले भोट तिब्बतदेखि लिएर मध्य नेपालसमेत कब्जा गरेका थिए । नेपालको यस भू–भागलाई मगरात भनिन्थ्यो भन्ने प्रो० टुचीको भनाइ छ । ③

ल्हासाको पूर्वोत्तर र चीनको पश्चिममा अवस्थित खाम–प्रान्त मगरहरूको मूलथलो हो । (Duka 1972/150) ④ चीनको खाम–प्रान्तबाट आएका नेपालका रोल्पा, रूकुमका मगरहरू अहिले पनि त्यस प्रान्तमा बोलिने भाषासित मिल्दो– जुल्दो खाममगर भाषा बोल्ने गर्छन्।

हंगेरीको जनश्रुतिअनुसार उनीहरूको उद्गम–स्थल मध्य–एशिया हो र कालान्तरमा यूरोप प्रवेश गरी हूण (Hun) भन्ने दाजु र मग्यार (Magyar) भन्ने भाइको संयुक्त नामबाट हंगेरी (Hungary) देशको नामकरण भएको हो भन्ने अवधारणा छ । मगरहरू पनि मध्य–एशियादेखि चीन र तिब्बत हुँदै दक्षिण झरेका हुँदा मगर र हंगेरीका मग्यारको पुर्ख्यौली एउटै हुनुपर्छ भन्ने विद्वानहरूको अभिमत छ ।

साधारणतः इन्द्रकिल भनेर पुकारिने भारतको बाइसौं राज्य सिक्किममा मगरहरू परापूर्वकालदेखि बसोबासो गर्दै आएका हुन्। उत्तरी भागको 'सिन' प्रान्तबाट सिङ मगर र चितु मगरको नेतृत्वमा दक्षिणतर्फ झरेका मगरहरू पछि गएर बाह्र झुण्डमा विभाजित भए अनि आफैलाई बाह्र मगर भन्न थाले। सिक्किम आइपुगेपछि तिनीहरू स्थायी रूपमा बस्न थाले । जहाँ–जहाँ बसे, त्यहाँ जोङ अर्थात् किल्ला बनाएर आफ्नो राज्य (जनपद) स्थापना गरे अनि त्यसलाई मगरजोङ भन्न थाले। सिक्किममा मगरजोङ बनाउने र राज्य स्थापना गरेर स्थापित व्यवस्था शुरू गर्ने प्राचीन मगरराजा इतिहासको गर्भभित्रै रहे। उनीहरूको इतिहास लेखिएन । सयौं वर्षपछि पश्चिम सिक्किमको मङ्सारी मगरजोङमा सन् 1600 तिर सिन्तुपति सेनले विशाल मगर राज्य स्थापना गरेर राजकाज गरेका थिए। सिक्किममा मगरहरूको अस्तित्व र प्राचीनताका प्रमाणस्वरूप दार्जीलिङको सुकिया पोखरीदेखि लगभग पन्द्र किलोमिटर टाड़ोमा पर्ने मगरजोङ र रम्फूमाथिको मन्सोङ मगरजोङ छोड़ेर सिक्किमका दक्षिण–पश्चिम र पूर्व जिल्लाहरूमा थुप्रै मगरजोङहरू अझसम्म भग्नावशेष वा नाम मात्रका रूपमा भए पनि छन्। पाँचौं शताब्दीभन्दा अघिदेखि नै मगरहरू सिक्किममा बसोबासो गर्दै आएका थिए भनी इतिहासकारहरू किटान गर्छन् ।

**A Journey to Lhasa and Central Tibet** -मा प० शरदचन्द्र दासले पूर्वीय नेपालमा पर्ने काङ्वाचेन नदीको उपत्यकामा मगर जातिको राज्य थियो, त्यहाँ मगर जातिको प्राचीन शहर, बस्ती तथा किल्लाहरूको भग्नावशेष अद्यापि छँदैछ भनेर लेखेका छन् ।

अहिले नेपालको अरूण नदीको पश्चिमतिर मात्र सीमित भए पनि मगरहरू सिक्किमका आदिवासी हुन् जसलाई त्यहाँबाट लेप्चाहरूले लिम्बूहरूको देशतर्फ लखेटे अनि तिनीहरूलाई फेरि लिम्बूहरूले अझ पश्चिमतिर लखेटे । अहिले हिन्दू धर्म अपनाएका मगरहरू तिब्बती वंशजका

नभई बाहिरीय प्रभाव-र सभ्यतादेखि वंचित यहीँका (सिक्किमका) खाँटी जनजाति/आदिवासी (Savages) हुन् ⑤ भनी हूकरले लेखेका छन् ।

अघि मगधलाई मगरात भनिन्थ्यो। त्यहाँका बासिन्दाहरूलाई मगर कहिन्थ्यो। यो मगर शब्दको जन्म मओङ्गबाट मओङ्गील, मओङ्गीली यिनै मओङ्गोलीहरू पश्चिम आजको इराक, इरान र क्यासोपियन्सी प्राचीन कासेप सागरबाट पुग्दै आएर भारतका भूभाग मगध नामक राज्य स्थापना मगरहरूले गरेका हुन् । यी मगरहरूमा अरू के को भए बुझ्ने आधार नपाइएको तर महाभारतकालमा जरासन्ध नामक एउटा राजा पाइन्छ जो कौरव पक्षका थिए । ..........यिनकै राज्यभूमि मगधका मगरहरू उत्तरपट्टि लागी पश्चिम नेपालतर्फ प्रवेश गर्दै समस्त पूर्व नेपालमा बसोबास गर्न पुगेका हुन्।⑥

महादेवका गणदेवता मानिने मगरहरू सम्पूर्ण हिमालय क्षेत्रका मूल निवासी हुन्। तिनीहरू सम्पूर्ण हिमालय श्रृंखला, काश्मिरदेखि म्यानमार अनि तिब्बतको छाङ्पो नदीको उपत्यकादेखि भारतको गंगा नदीको घाटीसम्म छरिएर बसेका थिए । ⑦

एभरेष्ट—कञ्चनजंघाको मुन्तिरका बस्ती, घर र किल्लाहरूका भग्नावशेषहरू मगरका हुन् भनेर ह्यामिल्टनले आफ्नो इतिहासमा स्पष्टसित आधिकारिक रूपमा लेखेका छन् जुन कुरो सत्य हो । ⑧

पुराणअनुसार महाभारतकालमा दिमापुरमा राजकाज गर्ने राजा जितेनवा मगर थिए। महाभारतको महायुद्धमा युधिष्ठिरलाई सघाउन उनले आफ्ना जेठा छोरा सिन्चेनवाको अगुवाइमा सेनाको ठूलो टोली पठाएका थिए। पछि युधिष्ठिरले सिन्चेनवालाई पाटक पताञ्जलीका राजा बनाए ।

उच्च पहाड़ी प्रदेशतिर बसोबासो गर्ने राई, लिम्बू, शेर्पा र मगरहरूको थेप्चो नाक, ठूलो पोरा हुनुमा बढ़ी हावा तानी शरीरलाई आवश्यक अक्सिजन आपूर्ति गर्नुपर्ने हुँदा सो गर्न नाकको प्वाल ठूलो बन्न गएको हो । त्यसैले आजका मगरबन्धुहरूको उत्पत्ति भारतभूमितिर भएको मान्नु गलत देखिन्छ। आजका मगरहरूको उत्पति तिब्बत–मंगोल प्रदेशतिरबाट भएको भन्ने कुरा बढ़ी तर्कसंगत देखिन्छ । ⑨

तर माथिका तर्क, मत र पुष्टिभन्दा मगर संस्कृतिविद् बालाराम घर्ती मगरको भने एकदम फरक मत छ । उनी भन्छन्– मगरहरू बाहिर कतैबाट नेपाल आएका नभई यहीं नेपाल भूमिका आदिवासी हुन् । बरू नेपालबाट नै पूर्व आसाम, बर्मा हुँदै मंगोलिया जापानसम्म मगर पुगेका वा हंगेरी पसेका हुन्। बाहिरबाट यता आएका कुरा होइन। यताबाट त्यतातिर पनि गएका हुन सक्छन्। ⑩

मगर जातिको वंशावलीमा लेखिएको छ– ''महाराजिक: देवास्ते महरा मगरा मगर । अखण्डे हिमवतखण्डे मण्डलं महत ।'' यस वंशावलीअनुसार महादेवता (महादेव)–का गणदेवताका महाराजिक: शब्दले अपभ्रंश शब्द लिँदै गई महाराजी, महारा, महरा, महर, मगर शब्द बन्न गएको हो। वंशावलीमा मगरहरूलाई भगवान महादेवका गणदेवताहरूका सन्तान भनिएको छ। अहिलेको आधुनिक एवं वैज्ञानिक युगमा मगरको नाम यसरी रह्यो भनी पूर्ण विश्वास गर्न सकिन्न तापनि पुराण र गणदेवताहरूको वर्णनलाई लत्याउन सकिन्न। फेरि गुरूङ – मगर वंशावली – 1 मा पनि यसै कुराको उल्लेख गरेको पाइन्छ। मगर शब्दको व्युत्पति गणदेवताका नाम गन्न अमरकोषमा ''महाराजिक : साध्याश्च रूद्राश्च गणदेवता:'' भएको र 'महाराजिक' शब्दबाट 'मगर' नामकरण भएको उल्लेख यस वंशावलीमा गरिएको छ । ⑪

वि० सम्वत् १३९३ को राजा पुण्य मल्लको ताम्रपत्रमा पनि 'महर' शब्द पाइन्छ । पुण्य मल्लकै कनकपत्र १२५८ मा ''महाराजिक'', महरा, महतो, मगर राजाको उल्लेख भएको पनि देखिन्छ ।साथै मगरहरूको मुख्य

रजाइ भएको ठाउँ बाह्र मगरातलाई 'महरलोक' पनि भनिन्छ । यी कारणहरूबाट पनि मगरहरूको पूर्वरूप महर वा महाराजिका नै थियो भनी श्री खिलध्वज थापा (श्रीस) — ले 'मगर जाति, एक ऐतिहासिक रूपरेखा'— मा आफ्नो तर्क दिनुहुन्छ । ⑫

कति इतिहासकारहरूले मगर नाम 'मध्ये' शब्दबाट बनेको हो भनी दाबी गर्छन् । उनीहरूको भनाइ छ— मध्ये हिमालय क्षेत्रमा नै मगर जातिको मुख्य वासस्थल भएकोले मगरहरूलाई 'मध्ये हिमालयमा बस्ने जाति' भन्दा—भन्दै कालान्तरमा आएर 'मगर' भनिएको हो। अर्का एकथरी विद्वानहरू पनि छन्, उनीहरूको तर्क छ— मगरहरू धेरै नै परिश्रमी जाति भएकोले जुनसुकै काम पनि 'म गर्छु' भन्ने परम्परागत स्वभाव छ । यस स्वभावले गर्दा पनि 'मगर' नाम भएको हुनसक्छ। ⑬

प्रा० बालकृष्ण पोखरेल मगरहरू मर्कट अर्थात् बाँदरका सन्तान हुन् र मर्कट शब्द अपभ्रंश हुँदै मकर, मगर हुन गएको हो भनी तर्क प्रस्तुत गर्दछन्। ⑭ तर उनको यो तर्क त्यति युक्तिसंगत लाग्दैन ।

पूर्वीय नेपाल अनि सिक्किमतिर मगरहरूलाई **मङ्ग** वा **मोङ्ग** तथा मंगोल जातिका सन्तान भनेर जानिन्छ। चीनियाँ र बर्मेलीहरूले मंगोल जातिलाई '**मङ्ग**' वा '**मोङ्ग**' अनि सन्तानलाई 'अर' वा 'अरूई' भन्ने गर्छन्।⑮ यसरी मंगोल जाति (मंगोलियन)—को अर्थ लाग्ने शब्द '**मङ्गर/मंगर**' "**मङ्ग**" वा "**मोङ्ग**" र अर शब्दहरूको सन्धि—रूप भएर बनिएको प्रतीत हुन्छ। यही मङ्गर वा मंगर शब्द पछि 'मगर' भनेर भन्न—लेख्न थालिएको अनुमान हुन्छ। तर कति इतिहासकारहरूले सिक्किमका मगरहरूबारे लेख्दा 'मगर' भनेर लेखे तापनि यहाँ सामान्यत: **मंगर** नै भनेर लेखिन्छ र भनिन्छ । यसरी विभिन्न विद्वान, इतिहासकारहरूको तर्क, भनाइ, प्राप्त ताम्रपत्र, वंशावली हेर्दा महाराजिका, महरा, महर, मर्कट, मगर तथा **मङ्गर**, मंगरबाट मगर नामकरण भएको कुरो प्रमाणित हुँदछ ।

सन्दर्भ :


① डा० हर्षबहादुर बुडा मगर, **मगर र मग्यार: पुरर्व्यौलीको खोजीमा,** पृष्ठ 6

② ऐजन, पृष्ठ 6

③ ऐजन, पृष्ठ 6

④ डा० हर्षबहादुर बुडा मगर, **मगर जाति र उनका सामाजिक संस्कार,** पृष्ठ 2

⑤ J.D. Hooker, **Himalayan Journal**, Vol. I, 4th Indian Reprint, P. 130

⑥ नारदमुनि थुलुङ, **किराँतको नालि–बेलि,** पृष्ठ 184

⑦ Tilak Pradhan, **Ancient Mangars of Indrakil**, Gangtok Times, Vol. I, No. 11, 9th - 15 th November, 1996, P. 4

⑧ Ditto, P. 4

⑨ बि० के० राना मगर, **गोरखा मगरहरु,** पृष्ठ 102

⑩ ऐजन, पृष्ठ 102 - 103

⑪ धर्मप्रसाद श्रीस (थापा) मगर, **मगरांती संस्कृति,** पृष्ठ 3

⑫ ऐजन, पृष्ठ 3 - 4

⑬ ऐजन, पृष्ठ 5

⑭ ऐजन, पृष्ठ 5

⑮ Iman Singh Chemjong, **History and Culture of the Kirat People**, P. 73

# ऐतिहासिक परिप्रेक्ष्यमा सिक्किमेली मगरहरू

## सिक्किमको अवस्थिति :

पूर्वीय हिमालयमा अवस्थित सिक्किम एक पहाड़ी भूपरिवेष्ठित राज्य हो। 16 मे, 1975 मा बाइसौं अंग (राज्य) भएर विश्वको वृहत्तम प्रजातान्त्रिक मुलुक भारतमा सम्मिलित हुनुभन्दा अघि सिक्किम नितान्त छुट्टै एउटा राजतान्त्रिक देश थियो । पूर्वमा भूटान, पश्चिममा नेपाल, उत्तरमा चीन (तिब्बत) र दक्षिणमा पश्चिम बंगालसँग सिक्किमको सिमाना गाँसिएको छ ।

7096 वर्ग किलोमिटर क्षेत्रफल भएको यो राज्य 27°00'46" र 28°07'48" उत्तर अक्षांस (North latitudes) एवं 88°00'58" र 88°55'25" पूर्व रेखांस (East longitudes) बीच पर्दछ। यस राज्यलाई पूर्व, पश्चिम, उत्तर दक्षिण गरी चार जिल्लाहरूमा विभाजन गरिएको छ । 1642–मा प्रथम नामग्यालवंशी राजा फुञ्छोग नामग्यालले स्थापना गरेका प्रथम राजधानी योकसम र त्यसपछि राब्देञ्ची, तुम्लोङ हुँदै वर्तमान सिक्किमको राजधानी गान्तोक हो ।

## सिक्किमको नामकरण अनि अर्थ :

'सिक्किम'– लाई लाप्चेहरूले 'ने–मायेल–रेन–ज्योङ–ल्याङ' भन्दछन् जसको अर्थ हुन्छ 'ने – मायेल = पवित्र, कहिल्यै नमासिने' 'रेन = इमानदार मानिसहरू', 'ज्योङ = बस्ने र ल्याङ = ठाउँ' अर्थात् इमानदार, पवित्र र कहिल्यै नमासिने मानिसहरू बस्ने ठाउँ। यसलाई संक्षिप्त रूपमा 'मायल–ल्याङ' 'रेन–ज्योङ–ल्याङ' अथवा 'रेन–ज्योङ' भन्ने गर्छन् । कहिले 'रोङ–ल्याङ' पनि भन्दछन् ।

भोटेहरूले 'डेन–ज्योङ', 'डेमो – ज्योङ' तथा 'डे – ज्योङ' भन्दछन् अर्थात् 'धानको देश' वा 'धान फल्ने ठाउँ' ।

लिम्बूहरू यस देशलाई 'सङहिम' अथवा 'सङखिम 'वा' सुक्खिम' भन्थे। अझै पनि लिम्बूहरूको जिब्रोमा यही शब्दहरू नै सरस भई नाँच्दछन् 'सङखिम, सुखिम, सुक्खिम' जुनै शब्दबाट यसलाई सम्बोधन गरे पनि अर्थ एउटै हुन्छ– 'नयाँ घर' । सङ, सु, सुक यी तीनैवटा शब्दहरू पर्यायवाची शब्दहरू हुन्, जसको अर्थ हुन्छ– नयाँ । 'हिम' वा 'खिम' को अर्थ हुन्छ–घर। सुक्खिमको दोस्रो राजा तेन्सुङ नामगेल (1670–1700)– ले राब्देन्जी (लिम्बूमा लापचेन्जी अर्थात् पाँसुलो जस्तो डाँड़ाको पखेटा)– मा दरवार बनाईकन 'यसको नाम के राखौं?' भनी आफ्नो लिम्बूनी रानी थुङवामुक्मा योयोहाङमा (थुङवामुक्मा नाम हो अनि योयोहाङमा अर्थात् यङहाङमा थर ) – लाई सोधे। रानीले 'सङ–खिम (सङ–हिम?)– 'नयाँ घर' भनी दरवारको नाम राखिदिइन्। ①

मगर भाषामा 'सु'–को अर्थ को ?; 'सुवो' – को अर्थ कसको; 'सेछे' वा 'सेच्छे'– को अर्थ राम्रो र 'इम'–को अर्थ घर हुन्छ । लाप्चे, लिम्बू र मगरहरू सिक्किममा नामग्यालवंशी शासन आरम्भ हुनुभन्दा पुस्तौं–पुस्तौं अघिदेखि बसोबासो गर्दै आएका हुन्, स्वतन्त्र रूपमा ससाना राज्य (जनपद) – हरू शासन गर्दै आएका हुन् । हुनसक्छ मगरहरू कुनै समय भोटिया राजा भेट्न आउँदा नयाँ राम्रो घर (दरवार) देखी 'ही सेछे (सेच्छे) इम!' (के राम्रो घर!) भनेर आश्चर्य व्यक्त गरे होलान् । पछि 'सेछे– इम' वा 'सेच्छे – इम' 'सिक्किम' हुन गयो कि भन्ने प्रचुर सम्भावना देखिन्छ । आज पनि कुना–कुनाका मगर बूढ़ा–पाकाले सिक्किमलाई 'सेच्छे इम' भन्ने गर्छन् ।

यता राई जातिले पनि घरलाई 'खिम' भन्दछन् । जे – जसो होस् 'सङहिम', सङखिम, सुखिम, 'सुक्खिम' वा 'सेच्छे इम' अपभ्रंश हुँदै सिक्किम शब्दले वर्तमान रूप धारण गरेको हो जसको अर्थ नयाँ घर वा 'राम्रो घर' हुन्छ।

## सिक्किम र सिक्किमको इतिहासमा मगरहरू :

परापूर्वकालदेखि सिक्किम–भूमिमा बसोबासो गर्दै आउने लाप्चे, लिम्बू र मगरहरू यहाँका मूल रैथाने (आदिवासी) हुन् । लाप्चेहरू आफूलाई 'रोङ' भन्ने गर्छन्। उनीहरू टासेथिङ–लाई सृष्टिकर्ता मान्थे । महामारी एवं अनिकालका समयमा टासेथिङ आई गुप्तधन खोलिदिन्छन् भनी पर्खेर बस्ने जातिको नाउँ 'रोङ' हुन गयो । लाप्चे भाषामा 'रोङ'–को अर्थ पर्खने हुन्छ ।

प्राचीनकालमा नुनको अभावले नुन लिन भोट (तिब्बत) जानु पर्थ्यो। अझसम्म देउसी, भैलोमा आशिष दिँदा 'ल्हासाको सुन, भोटको नुन यसै घरभरि होइरहोस्' भनी भट्याइन्छ । बाटो लामो भएकोले ल्हासामा बसाइ हुन्थ्यो अनि बाटोमा पर्खंदै जानु परेकोले सिक्किमलाई 'रोङल्याङ' अनि पर्खनेहरूलाई 'रोङ' भन्न थालियो ।

लाप्चेहरू आफूलाई सिक्किममै सृष्टि भएको विश्वास गर्छन्। उनीहरूको प्रचलित लोक कथाअनुसार 'रूम' (लाप्चे भाषामा भगवान)–ले कञ्चनजंघाको टाकुराबाट दुइ मुट्ठी हिँउ उठाएर दाहिने हातबाट पुरूष 'फ–दोङ–थिङ' (सर्वशक्तिमान) अनि देब्रे हातबाट स्त्री 'न–ज्योङ–न्यू' (सदा सौभाग्यवती) नामक दुइ मानव (चेली–माइती) सृष्टि गरे । कालान्तरमा ती जोड़ीको शारीरिक समागमबाट जन्मेका सन्तानहरू नै आजको लाप्चे (लेप्चा) जाति मानिन्छ ।

केही विद्वानहरूले लाप्चेहरूको आदिम थलो बर्मा र आसामको सिमान्त क्षेत्र थियो भन्ने सिद्धान्त स्थापित गरेका छनृ । सन् 1808 – मा जे० क्लाउड ह्वाइटले पनि 'सिक्किम एण्ड भूटान' (Sikkim and Bhutan) पुस्तकमा यही सिद्धान्तलाई जोड़ दिएका छन्। पूर्वीय भारतको त्रिपुरा राज्यमा अझ लाप्चे जातिसित रूप– रंग र भाषामा पनि धेरै सामञ्जस्यता भएको एक जनजाति बसोबासो गर्छ भनिन्छ।

हजारौं वर्षअघि चीनियाँहरूकै एक 'ताइ' जातिका मानिसहरू आसाम हुँदै, डुल्दै–फिर्दै सिक्किम आई बसेका हुनसक्छन् । त्यसै कारण, 'ताइ' जातिको भाषामा तिनीहरूको माओ वंशका राजा 'माओ–ताइ–ची–रोङ'–को अपभ्रंश भएर 'मुतनची–रोङ' भयो । आदिवासी लेप्चा समुदायले पर्वतमाला डाँड़ा–काँडा, बाटो छेउमा विभिन्न रंगका झण्डाहरू, विभिन्न रूखका हाँगाहरू र पातहरू ढुंगाका थुप्रो राखेर पर्वतका आत्मालाई आराधना गर्ने स्थानको नाउँ 'लाप्चे' हो । यसलाई नेपालीले देउराली भन्दछन् । देउरालीमा आराधना गर्ने जाति भएर 'लापचो'– बाट लाप्चे र अझ आधुनिक 'लेप्चा' नामकरण भएको हो।② देउराली र. पर्वत– श्रृंखला पूजा गर्ने प्रथा अद्यापि प्रचलित छ। सिक्किम सरकारले राजपत्रांकित अवकाशका दिन घोषित गरेका 'टेण्डोङ ल्हो रूम फात' र 'पाङल्हाबसोल'– का दिन क्रमशः टेण्डोङ र कञ्चनजंघाको पूजा–आराधना गरिन्छ ।

सिकंदर कोरोसी चोमाले लिम्बू भाषाको हाङ (Hang) शब्दलाई पनि हूणसित सम्बद्ध गरेका छन्। लिम्बूको उद्‌गम थलो हिमालयको उत्तर भएको र हूण (Hun)–को मूलथलो (Original Home) पनि त्यहीं भएबाट 'हाङ' हूण जातिकै एक शाखा हो भन्ने कुरा किटान गरेका छन्। (Duke 1885 reprint 1972/150) ③

'लिङबा'– को शाब्दिक अर्थ 'स्वसृजित' वा 'आफै–आफ उब्जेको' भन्ने हुन्छ अनि केही लिम्बू भाषाविद्‌हरू 'लिम्बू' शब्द 'लिङबा'– बाट आएको भनी विश्वास गर्छन् अनि लिम्बूवानमा लिङबा भन्ने ठाउँ पनि छ। ④ 'लिम्बू'–को अर्को अर्थ 'धनुर्धारी' (Archer) पनि भनिन्छ अनि धनुकाँड़ हानेर जितेको ठाउँ 'लिम्बूवान'। लिम्बू जातिका प्रख्यात अनुसन्धाता श्री बी० बी० मुरिङलाअनुसार 'लिम्बू' शब्द 'लुङबोङबा'– बाट आएको मानिन्छ, जसको अर्थ हुन्छ मूल वा खाँटी ढुंगा (Indigenous Rock) । लिम्बूहरू आफूलाई 'याकथुम्बा' वा 'चोङ' पनि भन्ने गर्छन् । कतिले याकथुम्बा शब्द यक्ष वा

याक्खाबाट आएको हो भनी विश्वास गर्छन् भने कतिले 'याक–पहाड़' अनि 'थुङ–बहादुर वा लड़ाकू' अर्थात् 'पहाड़का बहादुर/लड़ाकू' भन्ने अर्थ लाउँछन्।

इमानसिंह चेम्जोङको मत छ कि लिम्बूहरू उत्तर बर्माको 'शान मकवान' जनजातिको एक शाखा हो जो सातौं शताब्दीअघि पूर्व नेपालमा आए। सातौं शताब्दीतिरै शान मकवानको अर्को शाखा मुङमाओरोङको नेतृत्वमा लिम्बूवानको तराइ भेकमा आए र रोंगली (रंगेली)– मा गढी बनाए। ⑤ ती शान मकवानीहरू चीनियाँ जातिको टाई वर्गबाट उत्पन्न भएका थिए जो शुरूमा चीनको उनान राज्यको सुचुवाङ प्रान्तबाट बर्मामा बसाइँ सरे औ मोनकवान भन्ने ठाउँमा स्थापित भए । पछि उनीहरूले आफैंलाई शान मकवानी परिवारका भन्न थालेका थिए ।

प्राचीन कालमा लिम्बूवान देश वर्तमान सिक्किमको टिस्टासम्म फैलिएको थियो । प्राचीन किराँत राजा यलम्बरले पश्चिममा त्रिसुली नदीदेखि लिएर पूर्वमा टिस्टासम्म आफ्नो विशाल राज्य स्थापना गरेका थिए भनी इतिहासकारहरूले लेखेका छन्।

सिक्किमको पुरानो सिमानाबारे 1864–मा बंगालका लेफ्टीनेण्ट गवर्नर श्री एस्ले इडेनले लेखेका छन् – सिखिम यस समय सानो राज्य भए पनि अघि विशाल देश थियो; पश्चिममा अरूण नदी, पूर्वमा ताइगन पाससम्म अनि उत्तरमा तिब्बतदेखि दक्षिणमा पुर्नियाको किशनगंजसम्म फैलिएको थियो।⑥ डा० ओल्डफिल्ड 1858–मा लेख्छन्– "अरूणको पूर्वतिर पर्ने जिल्ला जो सिक्किमसम्म फैलिएको छ, त्यो लिम्बूहरूको देश लिम्बूवान हो... ...। अघि यो सिखिममै पर्थ्यो तर पछि पृथ्वीनारायणले जितेर सधैंलाई नेपालमा मिलाए।"⑦ सिक्किमले यस्तो विशाल परिसीमाबाट कालान्तरमा अधिकतर भूभागहरू गुमाउँदै जान पर्‍यो। यस क्रममा, पश्चिममा पर्ने भूभाग

सन् 1707 देखि 1735 सम्ममा; दार्जीलिङ क्षेत्र सन् 1835 मा; तराई अनि केही पहाड़ी भाग सन् 1850 मा; कालेबुङ क्षेत्र सन् 1886 मा र छुम्बी, हर्चू, अमोचू उपत्यका सन् 1890 मा सिक्किमले क्रमश: गुमाइन् । ⑧

सिक्किममा नामग्यालवंशी प्रथम राजा फुन्छोगको शासनकालदेखि लिम्बू शब्दको सट्टामा 'चोङ' चलाउन थालियो। त्यस समय 'चोङ' भन्नाले लिम्बू र मगरलाई संयुक्त रूपमा बुझिन्थ्यो। 'चोङ' शब्दको शाब्दिक अर्थ भोटे वा तिब्बती भाषामा पाइँदैन । यो शब्द 'चाङ' शब्दको अपभ्रंश हो। भोट (तिब्बत)– को चाङ प्रान्तका बासिन्दालाई चाङपा भनिन्छ । भोटे (तिब्बती)– हरूले लिम्बू र मगरहरूलाई चाङ प्रान्तबाट आएका हुन् भनी विश्वास गरेकाले चाङपाको छोटो रूप चाङ हुँदै चोङ भन्न थालेका हुन् । तर कालान्तरमा मगरलाई अलग्याएर चोङ शब्दद्वारा लिम्बू जाति मात्र बुझ्न थालियो ।

मगरहरूको मूलथलो ल्हासाको पूर्वोत्तर र चीनको पश्चिममा अवस्थित खाम–प्रान्त हो भनी कतिको भनाइ छ भने मगरहरूलाई मध्य–एशियाका निवासी हेप्ताल (हूण) थिए पनि भनिएको छ ।

पूर्वीय नेपाल र सिक्किमतिर मगरहरूलाई मङ्ग वा मोङ्ग तथा मंगोल जातिका सन्तान भनेर जानिन्छ । चीनियाँ र बर्मेलीहरूले मंगोल जातिलाई मङ्ग वा मोङ्ग अनि छोराछोरी वा सन्तानलई 'अर' वा 'अरूई' भन्ने गर्छन्। ⑨ यसरी मंगोल जाति (मंगोलियन) भनी अर्थ लाग्ने **'मङ्गर'** वा **'मंगर'** शब्द **मङ्ग-मोङ्ग** र अर शब्दहरूको सन्धि–रूप भएर बनिएको हो ।

किराँत ऐतिहासिक इत्तवृत्तान्त (वंशावली) वा मुन्धुमअनुसार मगरहरू मंगोल जातिअन्तर्गत मोङ्कू जनजातिका शाखा हुन् । हिमालयको उत्तरी भागमा अवस्थित 'सिन' भन्ने ठाउँ मगरहरूको मूलथलो हो । त्यहाँबाट सिङ

मगर र चितु मगर नामक दुइ अगुवाहरूको साथमा एक झुण्ड मगरहरू दक्षिणतर्फ झरे। दक्षिणी भेकका बासिन्दाहरूले ती मगरहरूलाई 'ताङसाङ थापा' भने जसको अर्थ हुन्छ–'सुदूर उत्तरबाट आएका मानिसहरू'। पछि गएर ती मगर जनजातिको वृद्धि भयो अनि अरू बाह्र अगुवाहरूको नेतृत्वमा तिनीहरू फेरि बाह्र झुण्डमा विभाजित भए अनि आफैलाई बाह्र मगर भन्न थाले। ती बाह्र मगरहरू थिए– सिँजाली थापा, होङजाली थापा, छोडे थापा, हुङचुन थापा, पुइके थापा, मुण्डे थापा, उध्रो थापा, बैरोङ थापा, इशार थापा, बरही थापा, हाङयुङ थापा र हंगसे थापा।

सिक्किमभूमिमा आइपुगेपछि तिनीहरू स्थायी रूपमा बसोबासो गर्नथाले। जहाँ–जहाँ बस्न थाले, त्यहाँ तिनीहरूले जोङहरू (जोङ–मगर भाषामा गढ़ी वा किल्ला) स्थापित गरे अनि ती ठाउँहरूलाई मगरजोङ अर्थात् मंगर (मगर)– हरूको गढ़ी वा किल्ला भन्न थाले। ⑩ यसले यो प्रमाणित गर्छ कि मगरहरू यस भेकमा (सिक्किममा) अति प्राचीन समयदेखि नै रहिआएका हुन्। सिक्किममा पाँचौं शताब्दीभन्दा अघिदेखि नै मगरहरू बसोबासो गर्दै आएका थिए भन्ने अनुमान सत्य सावित हुन्छ किनभने सिक्किमबाट कति मगरहरूले पाँचौं या छैटौं शताब्दीतिर नेपाल प्रवेश गरी त्यहाँ सर्वप्रथम आलु खेती थालेका हुन् भन्ने जनश्रुति नेपलीहरूमाझ अझ प्रचलित छ। ⑪

अहिले पनि मगरहरूलाई बाह्र मगर भनिन्छ। कुनै सामाजिक रीति–थीतिको कुरा आउँदा या कुनै कर्म वा संस्कार सम्पन्न गर्दा बाह्र मगरका कमभन्दा कम बाह्र मगर– प्रतिनिधिको आवश्यकता पर्छ तब मात्र त्यो सम्बन्धित कार्य पूर्ण हुन्छ।

सिक्किममा आई मगरजोङ बनाएरससानो थुम/इलाका/जनपद वा राज्यस्थापना गरेर शासन व्यवस्था आरम्भ गर्ने प्रथम मगर राजा कहिले र को

थिए भन्ने कुरा इतिहासमा लेखिएन । एघारौं शताब्दीभन्दा अघिदेखि मगरहरूले मगरजोङ स्थापना गरेर राजकाज गर्दै आएका थिए तर त्यसताकका कुनै मगर राजाको कतै उल्लेख छैन। यद्यपि सयौं वर्ष यता सन् 1600 तिर मङ्सारी मगरजोङमा मगर राजा सिन्तुपति सेनले विशाल मगर राज्य स्थापना गरी सशक्त शासन व्यवस्था कायम गरेका थिए । उनीपछि पनि सिक्किमका विभिन्न ठाउँहरूमा त्यस्ता साना—साना जनपद (Small Republics) वा राज्य स्थापना गरेर मगरहरूले शासन चलाए । ती मगरजोङहरूमध्ये पश्चिम सिक्किममा अवस्थित मङ्सारी—मगरजोङ, बर्थाङ—बर्फोक मगरजोङ, दक्षिण सिक्किमस्थित रातेपानी—कटेङ मगरजोङ, कामराङ— मगर्जोङ, फाम्ताम मगरजोङलगायत दार्जीलिङको सुकियापोखरीदेखि लगभग पन्ध्र किलोमिटर टाढ़ा पर्ने मगरजोङ र रम्फूमाथिको मन्सोङ मगरजोङ आदि आजसम्म भग्नावशेष वा नाम मात्रका रूपमा भए पनि छन्।

वंशावलीमा मगरहरूलाई पर्वतराज महादेवका गणदेवताका सन्तान मानिएका छन् । यसरी महादेवका गणदेवता मानिने मगरहरू सम्पूर्ण हिमालय क्षेत्रका मूल निवासी हुन् । तिनीहरू समस्त हिमालय श्रृङ्खला काशिमरदेखि म्यानमार अनि तिब्बतको छाङ्पो नदी छेउको मैदानदेखि गंगा नदीको घाटीसम्म छरिएर बसेका थिए । ⑫ एभरेष्ट—कञ्चनजंघाको तल्लो भागमा भएका घर, बस्ती र किल्लाका भग्नावशेषहरू मगरका हुन् भनेर ह्यामिल्टनले आफ्नो इतिहासमा स्पष्टसित आधिकारिक रूपमा लेखेका छन् ⑬ जुन कुरो ध्रुवसत्य हो। सिक्किमलाई साधारणत: महाभारतमा वर्णित इन्द्रकिल पर्वत भनिन्छ। बनवासको समय महाभारतका पाण्डवले अन्तिम समय यही भूमिमा बिताएका थिए भनिन्छ । सिक्किमका यही पहाड़हरू भएर पाण्डव स्वर्गारोहण गरेका थिए भन्ने उल्लेख पाइन्छ । इन्द्रकिल पर्वत अर्थात् इन्द्रको किल्लालाई सुरक्षाको निम्ति बसोबासो गर्ने यहाँका प्राचीन जाति यक्ष, गन्धर्व र किन्नरहरूका वंशज नै आजका लाप्चे, मगर र लिम्बूहरू हुन् ⑭ भनी धेरै विद्वानहरू एकमत छन् । आज पनि राना मगर र थापा मगरमा गन्धर्म भन्ने एक उपथर पाइन्छ।

लेप्चाहरूको थुप्रै थरहरूमध्ये 'मंगरमो' भन्ने थर पनि एक हो। यस्तो हुनसक्छ कि मगरहरू सिक्किममा सँग– सँगै बस्दा–रहँदा कति मगरहरूको लेप्चासित बिहेबारी भएर लेप्चा (किराँत) 'मंगरमो' भए होलान्। किराँतीहरूमध्येकै एक शाखा मगरहरूले सर्वप्रथम सिक्किम र नेपालमा सकरखण्ड तरूल (Sweet Potato) ल्याएका थिए भन्ने चाखलाग्दो लोककथा नेपालीहरूमाझ प्रचलित छ अनि विशेष गरी लेप्चा जनजातिले यसलाई मंगरबुक भन्न थाले अर्थात् मगरहरूले ल्याएका सकरखण्ड तरूल।⑮ फल–फूल, तरूल–कन्दमूलसित मगरहरूको लामो र घनिष्ठ सम्बन्ध छ। इतिहासको आदिकालमा मगरहरू जंगल–जंगल डुल्दै–फिर्दै यिनै खाद्यान्नमाथि निर्भर रहेर जीवनोपार्जन गर्थे । माघ महीनाको पहिलो दिन मकर संक्रान्ति अनि मङ्सीर पूर्णेको पञ्चमीमा पर्ने बाराहीमीजोङको दिन यिनै फल–फूल र कन्दमूल खाएर आफ्नो विगतलाई याद गर्ने गर्छन् । अझसम्म पनि मगरहरूलाई अरू जातिले जिस्काएर (हियाएर ?) 'गिट्ठा–भ्यागुर पल्हायो मगर बूढा रमायो' भन्ने गर्छन् । यस वाक्यले पनि गहिरो अर्थ र इतिहास बोकेको छ ।

लेप्चाहरूको अर्को थर 'मङमङमो' पनि सिक्किममा पाइन्छ । यसले पनि मङ्गर वा मगरसित नजिकको साइनो राख्छ । 'मंगरमो' बाट नै 'मङमङमो' हुन गएको हुनसक्छ ।

लेप्चा, लिम्बू र मगरहरूका रंग–रूप, स्वभाव, आचार, रहनसहन, खानपान र शारीरिक बनावट प्राय: मिल्दछन् । यी तीनै जाति अति सोझा हुन्छन् अनि झाँक्रीवाद (Shamanism)- मा विश्वास राख्छन्। क्रमश: बोङथिङ, फेदाङ्मा र धामीद्वारा कतिपय क्रिया–कर्म, पूजा–आजा सम्पन्न गराउँछन्। यिनैबाट मदौरोहरूको उपचार र झार– फुक गराउँछन्। यसबाहेक भोट–बर्मेली भाषाको परिवारभित्र पर्ने अन्य जाति– जनजातिभन्दा यी तीन जाति (जनजाति)– का बोली र भाषामा निकै धेर समानता हुनुले पनि

लेप्चा–लिम्बू–मगरहरू युगौंदेखि सिक्किममा सँग–सँगै रहिआएका हुन् भनी प्रमाणित गर्छ। उदाहरणस्वरूप केही शब्दहरू तल दिइएका छन् :–

| ***लेप्चा*** | ***लिम्बू*** | ***मगर*** | ***नेपाली*** |
|---|---|---|---|
| कात | लथिक | काट | एक |
| नेत | नेच्छी | नीस | दुइ |
| साम | सुम्सी | सोम | तीन |
| फुली | लिसी | बुली | चार |
| फुङो | ङासी | बाङ | पाँच |
| लोम | लाम | लाम | बाटो |
| स्याङ | सीङ | सीङ | दाउरा |
| मन (श्या) | शा | श्या | मासु |
| ल्होङ | लुङ | ल्हुङ | ढुंगा |
| कुङ | सीङबुङ | सीङ | रूख |
| जो | तक | ज्याट | भात |
| ली | हिम | इम | घर |
| मन | फाक | वाक | सुंगुर |
| बु | ओसेक | बुल | साँप |
| हिक | वा | ग्वा | कुखुरा |

| | | | |
|---|---|---|---|
| मी | मी | म्हे | आगो |
| आमिक | मिक | मिमिक | आँखा |
| मुरो | मन्हा | भर्मी | मान्छे |
| आबुङ | मुरा | मेडेर | मुख |
| नु | पेगे | नुङ्ना | जाऊ |
| लप (ल्वप) | तेत्ला (तेत्ला–फेक्वा) | मिल्हा (ल्हा) | पात |
| ङान | बाम | ङुना | बस |

सिक्किम सरकारअन्तर्गत शिक्षा विभागको पाठ्यपुस्तक शाखामा रही अध्ययन र पाठ्यपुस्तक लेखनमा आजीवन सेवा पुऱ्याएका वयोवृद्ध लेखक श्री महानन्द पौड्याल लेख्छन्– हुनसक्छ लाप्चेहरू प्रागैतिहासिक कालमा पश्चिम किरातको मंग्रातका छेउछाउमा थिए, अथवा आजकै सिक्किममा थिए र कुनै कालमा तिनीहरू मंग्राती (मगर)– हरूसँग कुनै प्रकारको सम्बन्धमा बाँधिएका थिए...........। ⑯

सन् 1230–1316 तिर खिलजी वंशका सुल्तान अलाउद्दीन खिलजीले दिल्लीमा शासन गरेका ताक सिक्किममा तर्भे पनु ('स्रष्टा' वाङमय विशेषांक, वर्ष: 10, अंक: 25 को 'सिक्किम–एक खोज' पृष्ठ 120 मा स्व० नयनछिरिङ लेप्चाले 'तरमे पुनु' लेखेका छन्) नामका राजाले शासन गर्थे। तिनले सोला, भाला, झेपालो र धुंयेत्रो जस्ता सांघातिक कलाको तालीम दिँदै एउटा शक्तिशाली छापामार सेनाको रचना गरेका थिए। लाप्चे र लिम्बूहरूका जनपदलाई (सम्भवत : मगरको पनि ?) एकै सूत्रमा एकीकारण गरी विशाल सिक्किमको रचना समेत यिनले गरे। उनका तीन भारादारमध्ये

एकजना लिम्बू र एकजना मगर थिए। उनको राजधानी हाल दोर्जेलिङ जिल्लाको खरसाङ नजिक थियो।⑰ पछि लिम्बूहरूसित भएको युद्धमा उनको मृत्यु भयो। उनको मृत्युपछि सिक्किम पुनः ससाना जनपदहरूमा विभाजित भयो–अनि लेप्चा, लिम्बू र मगरहरूले स्वतन्त्ररूपमा त्यहाँ शासन चलाएर आए ।

पन्ध्रौं शताब्दीतिर तिब्बतमा धर्मको प्रचारसँग –सँगै युद्ध पनि चलिरहन्थ्यो। यसो हुँदा कतिपय गुरू लामाहरू आफ्ना विश्वस्त अनुयायीहरूसँग तिब्बतको युद्ध र कलहदेखि पन्सिनलाई बिस्तारै–बिस्तारै सिक्किम पस्न थाले । तिनताक यस क्षेत्रमा मगरहरू पनि लेप्चाहरूसँग निकै थिए।.........लेप्चा र किरात मगरहरू लिम्बूवानसम्म सँग–सँगै बसोबासो गरेका थिए ⑱ भनेर जय धमालाले लेखेका छन् ।

भारतमा सम्राट अकबरको सुसंगठित शासनकाल (सन् 1556-1605)– तिर सिक्किममा त्यसबेला लेप्चा आदिवासीहरूका जातीय गुरू वा सरदार 'थिकुङ तेक र निकूङ ङाल' थिए।⑲ तत्व–ज्ञान र चमत्कारिताको शक्तिले युक्त भएको सत्यवादी थिकुङ तेक र निकूङ ङाललाई लेप्चाहरूले आदर गर्थे। जातीय गुरू अथवा पथप्रदर्शक भनी आदर गर्थे। 1642–भन्दा अगाड़ि अर्थात् फुन्छोग नामग्यालले सिक्किममा स्थापित सरकार शुरू गर्नअघि पूर्व र दक्षिणका आंशिक ठाउँ अनि उत्तर सिक्किमको अधिकतर ठाउँमा लेप्चा जाति औ दक्षिण–पश्चिममा पर्ने सबै स्थानहरूमा लिम्बू र मगरहरू ससाना थुम वा जनपदहरू चलाउँदै आएका थिए। ती थुम वा जनपदहरू आपुंगी राजाहरूको अगुवाइमा चल्थ्यो । ठीक त्यससमय थिकुङ तेक र निकूङ ङाल उत्तर सिक्किमको रिङचोम इलाकाका अगुवा थिए ।

सिक्किममा करिब 332 वर्ष शासन चलाउने नामग्यालवंशको पुर्ख्यौली पहिल्याउँदै जाँदा हामी 'खे–बुमसा'–सम्म पुग्छौं । तिब्बतको

आन्तरिक धार्मिक युद्ध र कलहदेखि पन्सिएर आफ्ना केही अनुयायीहरूसँग सिक्किम प्रवेश गर्ने प्रथम तिब्बती खे–बुमसा नै हुन् जो त्यसताक सिक्किमभित्रै पर्ने छुम्बी इलाकामा आई घर बनाएर बस्न थाले । उनी खाम प्रदेशका राजा थिए। उनी अति शक्तिशाली थिए, भनिन्छ उनीसित एक लाख मानिसहरूको बल थियो 'रे। थिकुङ तेकको चमत्कारको विषयमा खे–बुमसाले सुनेका थिए र आफ्ना केही अनुयायी लामाहरूको सल्लाह लिईकन सन्तानको वर माग्न थिकुङ तेकलाई भेट्न आए किनकि उनी सन्तानहीन थिए। थिकुङ तेकको खोंजी गर्दै सत्रजना अन्य साथीहरूसित याकला, पेन्लोङ, रंगपोछेउ साता–ला र गान्टोक हुँदै रिङचोम पुगे । थिकुङ तेकलाई भेट गरी धेरै उपहारहरू चढ़ाए र अन्तमा तीन पुत्रका पिता बन्ने आशीर्बाद पाए। खे–बुमसाकै सन्तान नै पछि सिक्किमको राजा (Lords) बन्नेछ अनि लेप्चाहरू तिनकै रैती भएर बस्नेछन् भनेर पनि भविष्यवाणी गरे थिकुङ तेकले । [20] आशीर्बाद प्राप्त भएपछि उनी पुन: छुम्बी फर्के ।

खे– बुमसाबाट तीन छोरा जन्मे । त्यसपछि उनीहरूको लगातार भेट भइरह्यो। यही लगातार भेटघाटको फलस्वरूप अन्तमा गएर खे–बुमसाको सन्तान र लेप्चा वंशबीच कहिल्यै अमेल नहुने, आपस्तमा भ्रातृत्वको सम्बन्ध कायम गर्ने भनी सन्धि गरे । यसको निम्ति उत्तर सिक्किमको वर्तमान कबी–लुङ्चोकमा एउटा विशाल र विशुद्ध पूजा अनुष्ठानको आयोजना भयो। त्यस पूजा अनुष्ठानमा प्रशस्त जंगली र घरेलू जीउ–जन्तुको बलि चढ़ाई सबै देवी–देवता, सिक्किमका पर्वतहरूलाई साक्षी राखी जन्तुको एउटा काँचो छालामाथि थिकुङ तेक र खे–बुमसा बसी जन्तुको रगतले भरिएको एउटै भाँड़ामा खुट्टाहरू हाली बाचा–बन्धन गरे । त्यस बाचा– बन्धनमा ''थिकुङ तेक र निकूङ डालको सन्तान र खे–बुमसाको सन्तान अबउसो एउटै सम्प्रदायमा गणना हुँदछ । यी दुइ सन्तानहरूमा एक–अर्कामाथि कुनै अपकार सम्झने वा गरिने छैन'' भन्ने शर्तहरू थिए। उक्त अनुष्ठान निकूङ डालद्वारा सम्पन्न गरिएको थियो भन्ने कथन छ । त्यही अनुष्ठानमा थिकुङ तेकले घोषणा

गरेका थिए–'अब उपरान्त खे बुमसाका सन्तान लाप्चेहरूको राजा बन्नेछन्, पुस्ता–पुस्ता राज गर्नेछन् । लाप्चेहरूलाई छोरा–छोरी मानेर प्रेम गर्नु, रक्षा गर्नु ती राजाहरूको कर्तव्य हुनेछ। कदाचित उल्लघंन गरेको खण्डमा देवी–देवताले, भूत–प्रेतले ती राजामाथि बदला लिनेछन् । लाप्चेहरूको पनि राजा–रानीलाई आदर गर्नु, आदेश पालन गर्नु कर्त्तव्य हुनेछ, नत्र उनीहरूलाई पनि साक्षी बसेका भूत–प्रेत र देवी–देवताले बदला लिनेछन्।' त्यो अनुष्ठान सम्पन्न गर्दा माझमा ठूलो खाल्डो खनेर बाहिरपट्टि तीन सुरमा तीनवटा चुच्चो ढुंगाहरू गाड़ेका थिए। त्यहाँ काटिएका जम्मै जन्तुको रगत ती ढुंगामाथि चुहाउँदै शरीर जति खाल्डोभित्र हाले। लेप्चा भाषामा 'कयुबी = रातो रगत' र 'लुङचोक = गाड़ेको चुच्चो ढुंगा' हुन्छ।

सो सन्धिमा त्यहाँ चोङहरू (लिम्बू र मगरहरू) पनि थिए भन्ने आख्यान छ। ''लिम्बू फेदाङ्माले जब मुन्धुम (विशेष सिक्किमको मुन्धुम) फलाक्छन्, शुरूमै कबीको सन्धिको वर्णन गर्छन्। त्यो सन्धि र ती तीन ढुंगाले तीनै समुदाय (लो–मेन–चोङ)– को भविष्य– भविष्यसम्मन् प्रतिनिधित्व गरिरहून् भनी तीनवटा चुच्चो ढुंगा गाड़ी साक्षी राखेका थिए''㉑ भनेर आफ्नो पुस्तकमा श्री बी० बी० सुब्बा 'मुरिङ्ला' (हाल शिक्षा विभाग, सिक्किम सरकारका अतिरिक्त निर्देशक)–ले लेखेका छन् । यता लिम्बू भाषामा 'लुङचोक' (लुङ=ढुंगा; चोक=चुच्चो)–को अर्थ चुच्चो ढुंगा हुन्छ। उसरी नै मगर भाषामा पनि 'ल्हुङ=ढुंगा; चोक=चुच्चो' हुन्छ औ लुङचोकको अर्थ चुच्चो ढुंगा । यस दृष्टिकोणले 'कबी–लुङचोक' लेप्चा, लिम्बू र मगर भाषाबाट आएको संयुक्त नाम हो भन्दा अत्युक्ति हुने छैन।

खे–बुमसाका छोराहरू पछि छुम्बीदेखि गान्टोकछेउ लिबिङ, फोदोङतिर सरेर बस्न थाले । तिनीहरू एकै ठाउँमा मात्र सीमित नरहेर यता–उता सरूवा हुँदै अझ पूर्वतिर लागे ।

वर्षहरू बित्दै गए । कबी–लुङचोकमा भएको सन्धिको वर्षौंपछि, तिब्बतका विशिष्ट गुरू 'लामा ला–चुन्–छेम्पो', 'काथोक–कुन्–जांगपो' र 'ङडाक–सेम्पा–फुञ्चोङ–रिनजेन' नामक तीन लामाहरू तीन दिशाबाट अहिलेको योकसम (योकसामको अर्थ लेप्चा भाषामा तीन लामाहरू)– मा आई भेटे। त्यहाँ ती लामाहरूले सिक्किमका लेप्चा, लिम्बू र सम्भवतः मगर बासिन्दाहरूलाई बोलाएर एउटा सभा डाके। सभामा ला–चुन्– छेम्पोले सिक्किमको जनसाधारणको हितार्थ देशमा शासन गर्ने एकजना योग्य राजा हुनु आवश्यक छ भने। गुरू रिम्पोछेले भविष्यवाणी गरेका छन् भन्दै त्यहाँ एकत्रित जनसमूहअघि धर्म–पुस्तक पल्टाउँदै यहाँको ठीक पूर्वतिर खे–बुमसाकै सन्तानभित्र पर्ने एकजना योग्य मानिस भेटिनेछ र उनको नाम 'फ'–बाट उठेको हुनेछ भनी उनले थपे। उनको कुरा कसैले काट्न सकेन । त्यसपछि ती तीन लामाहरूसित अन्य केही लेप्चा–लिम्बू पूर्वतिर त्यस योग्य मानिसको खोजीमा हिंड़े । गान्तोकछेउ पुग्दा एकजना मानिस दूध दुहिरहेको भेटे जसको नाम 'फुञ्छोग' थियो । तिनीहरूले खोजेका योग्य मानिस यिनै हुन्" भनी लामाहरूद्वारा निर्क्यौल भएपछि 'फुञ्छोग'– लाई योकसमतिर ज़ाने अनुरोध गरी यात्रा शुरू गरे । पहिलो दिन रूम्तेकमा बास बसेपछि तिनीहरूको अर्को कदम 'सोङ' हुँदै अघि बढ़नु पर्थ्यो। त्यहाँनेर लेप्चाहरूले 'हाम्रो भगवान जाँदैछन्' भन्दै धूप (सोङ) जलाए, त्यही दिनदेखि त्यस ठाउँको नाम 'सोङ' बस्यो ।

भोलिपल्ट तिनीहरू राक्दोङ पुल तरेर याङगाङ हुँदै अघि बढ़े जहाँ भावी राजाको स्वागतार्थ त्यस ठाउँ वरिपरिका बासिन्दा लेप्चा र मगरहरू बाटो–बाटोमा उभेका थिए। (22) निकै दिनको यात्रापछि मात्र उनीहरू योकसम पुगे । यसरी खे–बुमसाका सन्तान मिपोन राब, गुरू टाशी, गुरू तेञ्जिङ हुँदै सन् 1604–मा जन्मग्रहण गरेका फुञ्छोग नामग्याललाई सन् 1642–मा राज्याभिषेक गराइएपछि उनी सिक्किममा स्थापित सरकारका प्रथम छोग्याल (चक्रवर्ती/धर्मराजा) भए। जब प्रथम छोग्यालको योकसममा राज्याभिषेक

गरियो, समारोहमा सम्मिलित हुन त्यहाँ धेरै सिक्किमेहरू उपस्थित थिए। भोटे, लाप्चे, मगर र चोङहरू (वास्तवमा 'चोङ' शब्द नै 'लिम्बू र मगर' बुझाउने समूहवाचक शब्द हो, तर यहाँ मगर र चोङ अलग–अलग लेखिएको छ) सबै त्यहाँ थिए। भोज, भतियार, उत्सवहरू एवं प्रार्थनाको यो आनन्दपूर्ण दिवस थियो। ㉓

सत्रौं शताब्दीतिर (फुञ्छोग अभिषिक्त हुनअघि) सिक्किम मगर, लिम्बू र लेप्चाहरूको आपुंगी राजाको अधिनमा चल्दै आउने ससाना देश (जनपद)–हरूमा विभाजित थियो । ㉔ त्यतिबेला सिक्किमको सही साँध–सिमाना थिएन। फुञ्छोग नामग्याल प्रथम छोग्याल (धर्मराजा) अभिषिक्त गरिएपछि तिनै मगर, लिम्बू र लेप्चाहरूका ससाना राज्यहरू दखल गर्न र तिनका तथाकथित राजाहरू वा मुखियाहरू (Chieftains)– लाई आफ्नो वशमा पार्न व्यस्त रहे। पूर्व इतिहासतिर लेखिएको छ कि फुञ्छोग नामग्यालको त्यस अभियानमा लेप्चा– लिम्बूहरूले विरोध जनाएनन् औ उनको आधिपत्य स्वीकारे । तर विशेष मगरहरू भने उनको अधिनमा रहन पटक्क चाहेनन् । उनीहरूबीच लड़ाइँ भइरह्यो ।

लिम्बूहरूले छोग्यालको अधिनमा रहन स्वीकारे तापनि बेला–बखत् छोग्याल र अन्य भोटेहरूसित अनबन भइरहन्थ्यो, झगड़ा भइरहन्थ्यो। लिम्बूहरूका राजा नाहाङका वंशज माबोहाङ राजा र मगर राजा सिन्तुपति सेन मिलेर दरम्दिनमा सत्ताधारी पक्षलाई आक्रमण गरे । एकजुट भएका लिम्बू र मगरको शक्तिसित सामना गर्न असमर्थ भएर सत्तापक्षले तिब्बतबाट शक्तिशाली सेना झिकाए। घमासान लड़ाईंमा तिब्बती सेना विजयी भए । त्यसपछि पराजित लिम्बू र मगरहरूले फुञ्छोग नामग्यालको आधिपत्य (अधिकार) स्वीकारे।

केही कालपछि राजासित भएको मतभेदको कारण मगर राजा सिन्तुपतिले पुन: विद्रोह गरे तर तिब्बती सेनाहरूद्वारा धोकापूर्वक उनी मारिए।

इतिहासकार इमानसिंह चेम्जोङ लेख्छन् राजाको अन्तिम क्रिया (क्रिया—कर्म) गर्दा सिन्तुपति सेनकी विधवा रानीले लगभग एक हजार तिब्बती सेनाहरूलाई बोलाएकी थिइन्। तिनीहरूलाई रानीले विषयुक्त जलपान गराएर मारिन् । रानीको त्यस्तो षड़यन्त्रप्रति क्रोधित भएर ती सेनाहरूले ताङबाहान बस्तीको मगरजोङ किल्लामाथि धावा बोले । लड्दा—लड्दै रानीले वीरगति प्राप्त गरिन्।

रानीको मृत्युपछि मगर सेनाहरू भागे, तर केही कालपछि लिम्बूवानका लिम्बू सिपाहीहरूको सहयोगमा फेरि भोटियाहरूमाथि आक्रमण गरे। तर तिनीहरूको आक्रमण व्यर्थ भयो, तिनीहरू हारे अनि खेदिए। तिनीहरूलाई लखेट्तै— लखेट्तै भोटिया सेनाले किराँतका पूर्वीय खण्ड तामर गाउँ, याङबारोक गाउँ, उत्तर पाँचथर, फाकफोक गाउँ, हलाम, दार्जीलिङ र मिरिक गाउँहरू आफ्नो कब्जामा पारे। त्यसयसो केही विकल्प नरहेर मगरहरूले पनि फुञ्छोगलाई आफ्नो राजा माने। त्यसपछि, तिनीहरूले हरेक वर्षको अगस्त—सेप्टेम्बर महीनामा एउटा कुखुरा भाले, एक पैसा अनि एक सप्तु जौंको जाँड़ राजालाई आदरस्वरूप चढ़ाउन थाले। (25)

अरूणको पूर्वमा बसोबासो गर्ने ससाना आदिवासीहरूमाथि आक्रमण गरेर आफ्नो अधिनमा पार्ने अभियानमा एभरेष्ट—कञ्चनजंघाको दक्षिणी भागमा बस्ने मगर आदिवासीहरूका राजा सिन्तुसति चेनलाई हराएर शेर्पा—भोटियाहरूले आफ्नो हातमा शासन हत्याएर मगरहरूलाई त्यहाँबाट खेदिएको कुरा 'सिक्किम गेजेटियर'—मा पनि लेखिएको छ । अझ लेखिएको छ भोटियाहरूबाट पराजित भएपछि मगर मुखिया (राजा) उनीमाथि गरिएको चोट (क्षति)— बारे घाम र जूनलाई प्रार्थना गर्ने कसम खाँदै आफ्नो केही पदचिन्ह वा निशान नछोड़ी अन्तै बिलीन भए। (26)

प्रख्यात् इतिहासकार शरदचन्द्र दासले पनि आफ्नो पुस्तक 'A Journey To Lhasa And Central Tibet'— मा सिक्किम र पूर्वीय नेपालमा मगरहरूको अस्तित्त्वको प्रमाण दिँदै मगर राजा सिन्तुसति सेनबारे निम्नअनुसार लेखेका छन्:—

"कंचनजंघाको पश्चिमपट्टि पर्ने काङ्पाचेनका बासिन्दा मगरहरू, हामीले देखेका तिनीहरूका किल्ला र शहरका भग्नावशेषहरूबारे सुनेको लोककथन अति चाखलाग्दो छ । उक्त कथन सही र साँचो हो भनी मानिसहरू भन्छन् ।

काङ्पाचेन नदीको माथिल्लो भागमा राजकीय कंचनजंघाको कृपा र आशिषले तिब्बती सम्प्रदायका शेर्पाहरू बस्थे जसको मूलाथलो पूर्वीय किराँतको शेर—खम्बू थियो।

काङ्पाचेन गाउँको केही माइलतल्तिर काङ्पाचेन नदीको तल्लो फराकिलो भागमा पहाड़वासी मगरहरू बसोबासो गर्थे । तिनीहरूको राजा (मुखिया/अगुवा) अति शक्तिशाली भए अनि समस्त काङ्पाचेनका बासिन्दाहरूमाथि शासन जमाए अनि तिनीहरूबाट धेरै मात्रामा कर (ट्याक्स) उठाए ।

मगर राजाका सहायकहरूले ती मानिसहरूबाट धन (पैसा) उठाउनलाई तिनीहरूलाई धेरै सताए, फलस्वरूप मगरहरूलाई त्यस ठाउँबाटै खेदियो।

कुनै एक विशेष समयमा काङ्पाचेन बस्ती घुम्न जाँदा आफ्ना अन्य सेनाहरूसित मगर राजालाई तिब्बतीहरूले षड़यन्त्र गरी मारे । राजालाई मारिएको दु:खद् खबर सुनेपछि मगरनी रानीले हत्याराहरूलाई प्रतिशोध लिने योजना बनाइन् ।

उनले मृतात्माको सम्मान र शान्तिको लागि ठूलो रूपमा किरिया–कर्म गर्ने आदेश दिइन् । यो उत्सव काङ्पाचेन नदीदेखि छ माइल टाढ़ा बस्तीको ठीक मध्य भागमा आयोजना गरियो ताकि सबै गाउँलेहरू आउन सकून् ।

रानीका सेना र मानिसहरूले खाई–पिई सकेपछि अरूलाई विषयुक्त रक्सी दिइयो, तिनीहरूले केही नसम्झी खाए अनि लगभग एक हजार मानिस त्यहाँ मरे । साना नानीहरूलाई चाहिँ रानीका मानिसहरूले लगे । यस्तो घृणित घटना भएको ठाउँलाई आज पनि 'तोङ सोङ फुग' भनिन्छ अर्थात् एक हजार मानिस मारिएको ठाउँ।

त्यसपछि, तिब्बती सेनाले मगर रानीका विभिन्न जोङहरू (किल्लाहरू)– माथि आक्रमण गरे । लड़ाइँको निम्ति आफू तयार नभएकोले रानी चाहिँ एउटा जोङभित्र पसेर लुकिबसिन् अनि उनका सेनाहरूले तीन महीनासम्म सुरक्षा गरिबसे। कसैको हार–जीत नहुँदा तिब्बतीहरूले अर्को उपाय सोचेर मगरहरूलाई आत्मसमर्पण गराउन जोङभित्र जाने पानी बन्द गरिदिए । तिनीहरूको अभिप्राय बुझेर रानीले जोङभित्र जमाएको पानी सबै तिब्बतीहरूको शिविरतर्फ पोखाइन्। यो देखीकन जोङभित्र पानी पर्याप्त रहेछ भनेर तिब्बती सेनाले सोचे अनि केही टाढ़ा गएर मगरहरूको क्रियाकलापहरू हेर्न थाले । त्यति नै बेला हतार–हतार सबै सेनाहरू बटुली रानी शत्रुमाथि जाइ लागिन् । घमासान युद्ध भयो, लड्दा लड्दै रानीले वीरगति प्राप्त गरिन्।

तिब्बतीहरूले त्यस ठाउँबाट सबै मगरहरूलाई खेदे । आफ्ना धन सम्पत्ति सबै त्यहाँका बासिन्दाहरूलाई छोड़िराखेर मगरहरू काङ्पाचेन र ताम्बन (तमर) उपत्यकाबाट भागे ।''[27] हुनसक्छ त्यस समय कति मगरहरू भूटान, डुवर्स र आसामतिर गएर त्यतै बस्न थाले ।

माथि वर्णन गरिएको कथन काल्पनिक र असम्भव जस्तो लागे तापनि त्यसभित्र आंशिक सत्यता निश्चय हुनुपर्छ किनभने सुदूरपूर्वीय नेपालतिर

बसोबासो गर्ने मगर समुदायले अझ पनि आफ्नो मातृभाषा मगर बोल्दछन् । यस तथ्यले यही प्रमाणित गर्छ कि कुनै एक समय यस उपत्यकामा मगरहरूको घना बस्ती थियो, नत्र मगर भाषा आजसम्म जीवित रहँदैनथ्यो जस्तो गुरूङहरूले आफ्नो भाषा बिर्सेका छन्। ㉘ सिक्किमका काम्लिङ, सुल्डुङ, तिञ्जेरबुंग, आसाङथाङ, ढाँड़ गाउँ, आहाले, कटेङ, कदमताम आदि गाउँ–बस्तीहरूमा आज पनि मगरहरूले मगर भाषा नै बोल्दछन् । त्यसरी नै दार्जीलिङ्का केही कमान–बस्तीमा पनि मगरहरूको अधिक जनसंख्या भएको ठाउँतिर मगर भाषा नै बोलिन्छ ।

मगर राजाको प्रसंगमा विभिन्न समय, स्थान र पुस्तकहरूमा विभिन्न इतिहासकारहरूले 'सिन्तुपति सेन', 'सिन्तुसति सेन' वा 'सिन्तुसति/ सिन्तुपति चेन' लेखेका छन् । त्यसरी नै मगर राजाको भोटिया / तिब्बतीहरूसित भएको लड़ाइँको वर्णन पनि परस्परमा केही भिन्नता पाइन्छ। यद्यपि यसरी राजाको नाम र लड़ाइँको वर्णनमा आंशिक भिन्नता भए पनि सबै इतिहासकारहरूले एउटै प्रसंगलाई अधिक जोड़ दिएर लेख्नुले यो प्रमाणित गर्छ कि पूर्वीय नेपाल र सिक्किममा मगरहरू प्रागैतिहासिककालदेखि नै बसोबासो गर्दै आएका हुन् ।

सिक्किमको प्रथम राजाको रूपमा योकसममा राज्याभिषेक भएको लगभग बाइस वर्षपछि 1664 तिर फुञ्छोग नामग्यालले सिक्किमवासी विभिन्न समुदायलाई एक सूत्रमा बाँध्ने अभिप्रायले 'लो–मेन–चोङ'–को सन्धि गरे । राजाको अधिनमा बस्न नचाहने कति मगर राजा / मुखियाहरूलाई बलपूर्वक मारेपछि वा वशमा पारेपछि कतिलाई खेदिए । कति मगरहरू भने आफ्नो भूमि (देश) छोड़ेर नजाने निर्णय लिएर भोटे राजाकै अधिनमा बस्ने भए। ती मगरहरूलाई पनि 'लो–मेन–चोङ'–को सन्धिमा सामेल गराए । यो सन्धि एउटा किंवदन्ती जस्तो लागे तापनि इतिहासकारहरूले साँचो भनेर लेखेका छन्। त्यसताक मगर र लिम्बूहरूलाई संयुक्त रूपमा 'चोङ' भनिन्थ्यो ।

त्यस सन्धिअनुसार राजा फुञ्छोग नामग्यालले सिक्किममा रहिआएका विभिन्न जातिको हित, सुरक्षा र संरक्षणका लागि निम्नअनुसार व्यवस्था मिलाएका थिए अनि आदेश जारी गरेका थिए :–

लो–मेन–चोङ सिक्किमको नाम
(भोटिया + लाप्चे + लिम्बू + मगर)

राजालाई बाबु सरह अप्नाउनुपर्छ; लेप्चालाई आमा सरह आदर गर्नुपर्छ भने लिम्बूहरू अर्थात् चोङहरूलाई त्यसै जहानका छोराहरू हुन् भन्ने सम्झनुपर्छ। यिनीहरू सबैजना मिलेर लो–मेन–चोङको नामको परिषद्द्वारा राज्य चलाइनुपर्छ। लो=लो पाहा=भोटिया, मेन=मेनपा=लेप्चा, र चोङ=लिम्बू र मगरहरू LO=LOPHA=BHUTIAS, MEN=MENPAS=LEPCHAS, AND CHONG=LIMBUS AND MANGARS), यिनीहरूको प्रतिनिधित्व हुनुपर्छ; परस्परमा झगेड्नु, लड्नु हुँदैन। यदि यी तीनै समुदायकाले एक–अर्काप्रति कुभलो चिताएको खण्डमा तिनीहरूलाई प्रतिज्ञाले पिरोल्नेछ, दुःख दिनेछ।

'लो–मेन–चोङ'–को सन्धि भएर पनि पछि गएर मगर मुखिया (Chieftain)–हरूको भोटियाहरूसित सम्बन्ध स्वच्छ रहन सकेन, समय समयमा अनबन भइरहयो। फलस्वरूप, भोटियाहरूले पनि सन्धिको नामकरणबाट मगरहरूलाई हटाए औ 'चोङ' शब्दबाट मात्र लिम्बू जाति भनी अर्थ लगाउन थाले भनिन्छ ।

राजा फुञ्छोग नामग्यालले आफ्नो शासन व्यवस्थालाई सरल र सुचारू बनाउनलाई आफ्नो देश (सिक्किम)–लाई विभिन्न जोङ (यहाँ जिल्ला बुझिन्छ)–हरूमा विभाजित गरेका थिए अनि हरेक जोङमा जोङ्पेन राखेका थिए। तर यता सिक्किमको शासन व्यवस्था नामग्याल वंशको हातमा जानभन्दा धेरै अघि लेप्चा शासनकालतिरै मगरात (मगर)–हरू सिक्किममा

थिए। लेप्चाहरूले मगरजोङ (मगरको इलाका वा दरवार) नामकरण गरी त्यस ठाउँमा बस्ने व्यवस्था गरिदिएका थिए।㉙ भनी बुलु मुकारूङले लेखेका छन्। वास्तवमा यी मगरजोङहरू लेप्चाहरूले मगरहरूको बस्ने व्यवस्था गरिदिएर राखेका नाम नभएर प्रागैतिहासिक कालमा उत्तरदेखि दक्षिणतिर झर्दै सिक्किमभूमिमा जोङ वा किल्लाहरू बनाएर बस्न थालेपछि ती ठाउँहरूको नाम मगरहरू आफैंले मगरजोङ भनी राखेका हुन् । ती मगरजोङहरूमा विभिन्न मगर राजा वा मगर मुखियाहरूले विभिन्न समयमा शासन गर्दै आए ।

सन् 1686–मा दोस्रो राजा तेनसुङ नामग्यालकी माइली रानीको कोखबाट जन्मग्रहण गरेका छदोर नामग्याल सन् 1700–मा सिक्किमका तेस्रो राजा बने। तर तेनसुङ नामग्यालकी जेठी भूटानी रानीबाट जन्मेकी पेदी ओङ्मोले छदोर नामग्याललाई राजसिंहासन सुम्पने कार्यको विरोध गरिन् । भूटानबाट सेना झिकाएर सिक्किममाथि चढ़ाइ गरिन् । नाबालक छदोर नामग्याललाई भगाएर तिब्बतको राजधानी ल्हासामा पुरयाइयो । त्यस समय भूटानीहरूले सिक्किमको थुप्रै भागहरूलगायत तत्कालीन राब्देञ्ची दरवार पनि आठ वर्षसम्म आफ्नो कब्जामा राखे । केहीपछि तिब्बत सरकारको मध्यस्थतामा भूटानको देव राजाले उनको सेनाले कब्जा गरेका सबै ठाउँहरू सिक्किमलाई फर्काइदिए। छदोर नामग्याल सिक्किम फर्के । भूटानले फेरि अर्कोपल्ट चढ़ाइ गर्‌यो । त्यसताक सिक्किमे सेनामा मगरहरूले पनि महत्वपूर्ण भूमिका खेलेका थिए। कालेबुङ र रिनोक जस्ता इलाकाहरू सिक्किमले सधैंको निम्ति गुमाउन परे तापनि सिक्किमका अधिकतर इलाकाहरू फर्काउँदै भूटानी फौजलाई रिनोक कटाएर लेप्चा प्रतिनिधि सुथोपसित मिली मगर प्रतिनिधि सत्रजितले वर्तमान सिक्किमको रिनोकलाई सिक्किम र भूटानको सिमाना बनाए। यसरी सिक्किम–भूमिको सुरक्षामा पनि मगरहरूले अधिक ठूलो भूमिका निभाएका थिए। सत्रजित खाँटी मगर थिए तर कति इतिहासकारले लेप्चा थिए भनी भूल गरेका छन् ।

छदोर नामग्यालपछि ग्युर्मिद नामग्याल सन् 1717—मा सिक्किमका चौथो राजा बने। उनको शासनकालमा पनि सिक्किमको भूटानसित सिमानासम्बन्धी विवाद चलिरह्यो। त्यति नै बेला सिक्किमको दक्षिण—पश्चिममा एकजना टासी बिदुर नामक मानिसले एक मगर मुखियाको सहायता लिएर राजाको विरूद्ध विद्रोह गर्‍यो तर सहजैसित भोटियाहरूले त्यस विद्रोहलाई दमन गरे। ㉚ टासी विदुर लेप्चा जातिका प्रमुख (मुखिया) थिए। भोटे राजाको विरूद्ध विद्रोह गर्न उनले धेरै लेप्चा र मगर फौज जम्मा गरेका थिए। विद्रोहलाई दमन गरेपछि उनलाई भोटे राजाले दार्जीलिङ जिल्लाको गरत हेलो बदमताम भन्ने ठाउँमा मारे । त्यस समयदेखि यता लेप्चाहरू पनि सिक्किमको भोटे राजाप्रति त्यति आज्ञाकारी रहेनन् ।

ग्युर्मिदपछि उनका विवादास्पद पुत्र फुञ्छोग नामग्याल (1733 - 1780) सानो उमेरमा नै सिक्किमका पाँचौं राजा भए। शिशु राजा फुञ्छोगलाई शासन व्यवस्थामा सहयोग गर्न तिब्बतले 'राब्देन सेर्पा'—लाई पठायो। राजाको बालकपनको फायदा उठाएर राब्देन सेर्पाले मनचाहे गर्न थाले। त्यतिञ्जेलसम्म भोटियाहरूसित मगरको सम्बन्ध राम्रो भइसकेको थियो । भोटिया राजालाई नै सर्वाधिपति (Overlord) मान्दै मगर मुखियाहरू (Chiefs/Headmen) आआफ्ना मगरजोङहरूमा स्वतन्त्ररूपले शासन गर्दै आइरहेका थिए। राजा फुञ्छोगका सहायक शासक (Regent) राब्देन सेर्पाकै कार्यकालमा एक मगर मुखियाको निधन भयो । आफ्नो मुखियाको निधन भएकोले उनकै पुत्रलाई उत्तराधिकारी (मुखिया)—को रूपमा राज्याभिषेक गराउन मगरहरूले सिक्किम महाराजाको प्रतिनिधिको रूपमा राब्देन सेर्पालाई उक्त उत्सवमा सामेल भई राज्याभिषेक समारोहलाई सुशोभित र सम्पन्न गर्न निम्तो पठाए । अरू कोही प्रतिनिधिहरू पठाइमाग्दै राब्देन सेर्पालाई तीनपल्टसम्म निम्तो पठाए । बधाई—पत्र औ उपहारहरूसहित यस्ता उत्सवहरूमा राजाका प्रतितिधिहरू सधैं पठाइने प्रथा छ भन्दै दरवारका अन्य अधिकारीहरूले रांब्देन सेर्पालाई मगरहरूको निम्तो स्वीकार्न भनी सल्लाह दिए, तर प्रचलित प्रथा र रीतिबारे

अनभिज्ञ सेर्पाले राजनैतिक अदूरदर्शिताको कारण ससाना समुदायहरूको मुखियालाई प्रतिनिधि पठाएर सम्मान दिनु सिक्किमको राजा वा शासकको प्रतिष्ठादेखि निम्न विषय हो अनि सो निम्तो अस्वीकार गर्दा भविष्यमा के–कस्तो प्रभाव पर्छ ख्याल नगरीकन उनले प्रतिनिधि पठाउन अस्वीकार गरे । मगर मुखियाप्रति सिक्किम–राजा वा शासकको अशिष्टताप्रति क्रोधित भई मगरहरू भूटानको देव राजासित सहयोग माग्न पुगे, उनले तत्कालै चारजना प्रतिनिधिहरू पठाए । उनको शिष्टताप्रति आभारी भएर मगर मुखियाले भूटानलाई सुन–चाँदी, एक–एकवटा गैंड़ा र हात्ती उपहारस्वरूप पठाए औ भविष्यमा पनि सहायता पाइरहोस् भनी बिन्ती बिछ्याए ।

केही पछि मगर मुखिया र भूटानका देव राजाले सिक्किममाथि एकैचोटि चढ़ाइ गरे तर सिक्किम राजाको पक्षमा तिब्बत सरकारले सहायता गरेकोले भूटान र मगरहरूको हार भयो । त्यसयसो मगरहरू र भोटिया राजामाझ सम्बन्ध कहिल्यै कायम भएन । (31)

यति हुँदा– हुँदै पनि राजा फुञ्छोगले मगरहरूसित मित्रता कायम राख्न पछिसम्म प्रयासरत नै रहे । उनको राजत्वकालमा पनि सिक्किममा लिम्बू र मगरहरूलाई 'पहाड़ी', 'पहाड़िया' वा चोङ भनेर संयुक्त नामले पुकारिन्थ्यो । यी पहाड़िया वा चोड़ समुदायले एकपल्ट सिक्किम राजाको विरूद्ध 1752 मा फेरि विद्रोह गरे तर छाङ्जात कार्वाङ्ले बलपूर्वक दमन गरे। त्यस विद्रोहलाई साम्य गरेपछि मगर र लिम्बूहरूको मन जितेर उनीहरूसित मित्रता गाँस्न औ उनीहरूबाट राजभक्ति हासिल गर्न विद्रोही लिम्बू र मगरहरू कतिलाई उपहारहरू दिए भने कतिलाई आफ्नो पद र हैसियतअनुसार झण्डाहरू बोक्न र नगराहरू **(Kettle Drum)** बजाउँदै हिंड़न पाउने विशेष अधिकार दिए । एउटा पुरानो दस्तावेजअनुसार यो स्पष्ट हुन्छ कि त्यस समय पहाड़िया अर्थात् लिम्बू र मगरहरूका मुखियाहरू **(Headmen)** कहीं भ्रमणमा जाँदा सम्मान र प्रदर्शनका लागि बाजा–गाजा

(नगरा, च्याब्रुङ, मादल) बजाउँदै हिंड्न सक्ने औ ठूल्ठूला साहेबहरूले लाउने महंगो रेशम र मुगाका कपड़ाहरू पनि लगाउन पाउने लिखित अनुमति थियो। ㉜

तत्कालीन राजाले मगरहरूसित मैत्री–सम्बन्ध राख्न तथा उनीहरूलाई आफ्नो अधिनमा पार्नलाई मगरसित वैवाहिक सम्बन्ध पनि जोड़े । त्यसताक राजाका मुख्य मन्त्री भनिने छाङ्जात कार्वाङले एक मगर मुखियाकी छोरीसित बिहे गरे अनि मैत्री–सम्बन्धमा बाँधिन चाहे तर सिक्किमका बौद्धमार्गी राजा र मन्त्रीहरूद्वारा मगरहरू प्रभावित भएनन्। सिक्किमे राजाबाट केही नहुने बुझेर मगर मुखियाले राजासित अरू सम्बन्ध राखेनन्; अनि सिक्किमे भोटियाहरूले पनि सिक्किमको इतिहासबाटै मगरहरूका समस्त प्रमाणहरू मासिदिए। ㉝

सिक्किमका प्रथम छोग्याल (धर्म राजा) फुञ्छोग नामग्यालको शासनकाल अर्थात् सन् 1642 देखि लिएर अठारौं शताब्दीको अन्ततिरसम्म नै मगरहरूले भोटियाहरूसित लड़ाइँ गरिरहे । कुनै किसिमको सम्बन्ध वा प्रलोभनमा उनीहरू आएनन्। रैती मगरहरूले पनि आ–आफ्ना मगरजोङका मगर अगुवा (मुखिया)–लाई नै राजा मान्थे। तर भोटियाहरूको शक्तिअघि मगर मुखियाहरू (राजाहरू) शिथिल बन्दै गए। यी लड़ाइँहरूमा अधिकतर लेप्चाहरूले पनि भोटिया राजाकै पक्ष लिए । एक–दुइजनाबाहेक धेर जस्ता लिम्बूहरू तटस्थ बसे । एक–एक गर्दै विभिन्न मगरजोङ्का मगर मुखियाहरू (राजाहरू) मारिंदै गए। 'सिक्किम गेजेटियर'– मा मगरहरूको अन्तिम मुखिया दार्जीलिङको सिन्कोना कमानमा पर्ने पोमोङ भन्ने ठाउँछेउमा मरे भन्ने कथन छ भनेर लेखिए तापनि अन्तिम मगर मुखिया (मगर राजा) दलकिनारी खपाङ्गी मगरलाई भोटियाहरूले धुरेर पश्चिम सिक्किमको बर्फोक– बर्थाङको पुछारमा भएको मगरजोङमा मारे । मगर जातिको लागि यो दुर्भाग्यपूर्ण घटना मात्र सन् 1800 तिर भएको हो । अझसम्म त्यस मगरजोङमा हरेक वर्ष मङ्सीर पूर्णेमा चामल, अण्डा,कुखुरा, फल–फूल आदि ती मगर राजालाई पूजा गर्दै

चढ़ाइन्छ। सबै मुखिया (राजा)–हरूलगायत अन्तिम मगर राजा (मुखिया) दलकिनारी खपाङ्गी मगरको हत्यापछि टुहुरा मगरहरू आत्मसमर्पण गरी बस्न बाध्य भए। तत्कालीन राजा र उनका भारादारहरूले त्यसयसो भने मगरहरूलाई आफ्नै भूमिमा सदैव दबाएर राखे । इतिहासको पर्दाबाट पछाड़ि राखियो । उनीहरूको अस्तित्वलाई अँध्यारोमा राखियो । हर क्षेत्रमा हर अधिकारबाट वञ्चित राखियो।

छैटौं राजा तेन्जिङ नामग्यालपछि उनकी कान्छी (तेस्रो) रानीको कोखबाट जन्मग्रहण गरेका छुग्फुद नामग्याल सिक्किमका सातौं राजा बने। उनको शासनकालमा सन् 1847–49 तिर इष्ट इण्डिया कम्पनीद्वारा नियुक्त दार्जीलिङका उप–आयुक्त (Deputy Commissioner) डा० क्याम्पबेलसित उद्भिदविद जे० डी० हूकर विभिन्न उद्भिद एवं रूखपातहरूबारे खोज र अध्ययन गर्दै सिक्किमको बन–जंगल घुमे औ तिब्बतको सीमासम्म पुगे। कर–बसूलीसम्बन्धी डा० क्याम्पबेलसित सिक्किमको अघिबाटै विवाद चलिरहेको थियो र ठीक त्यही समय सिक्किम पस्दा बिना अनुमति वा अनाधिकृत भ्रमणको अभियोगमा ती दुइलाई तत्कालीन राजधानी तुम्लोङमा थुनुवा पनि पारे ।

सिक्किम भ्रमणको समयमा हूकरले सिक्किम र सिक्किमका मूलवासीहरूबारे पनि शोधमूलक कार्य गरे। लेप्चा र लिम्बूसित मगरहरू पनि सिक्किमका आदिवासी मानेका छन् उनले । उनी अझ लेख्छन्–''अहिले नेपालको अरूण नदीको पश्चिमतिर मात्र सीमित भए पनि मगरहरू सिक्किमका आदिवासी हुन् जसलाई त्यहाँबाट लेप्चाहरूले लिम्बूहरूको देशतर्फ लखेटे अनि तिनीहरूलाई फेरि लिम्बूहरूले अझ पश्चिमतिर लखेटे। अहिले हिन्दू धर्म अपनाएका मगरहरू तिब्बती वंशजका नभई बाहिरीय प्रभाव र सभ्यतादेखि वंचित यहींका (सिक्किमका) खाँटी जनजाति/आदिवासी (Savages) हुन्।'' ㉞

लेप्चा, भोटिया र नेपालीलाई सिक्किमका तीन मूल जाति मानिन्छन्। नेपालीहरूमध्ये लिम्बू र मगरहरू सिक्किमका सबभन्दा पुराना जाति हुन् ㉟ भनेर सुमनराज तिम्सिनाले लेखेका छन् ।

उसरी नै राजेश वर्माले पनि 'नेपालीहरूको एक विशाल सह–सांस्कृतिक जमात किराँतीहरू छन् जसलाई लेप्चाहरूसँगै सिक्किमका आदिवासी मानिन्छन्। लिम्बू, राई, मगर, गुरूङ, तामाङ र अन्य केही किराँतीहरूमा पर्दछन्'㊱ भनेर लेखेका छन्। नाम्चीवासी श्री बालकृष्ण जिज्ञासुले पनि लेप्चापछि मगर जाति सिक्किमको दोस्रो आदिवासी ㊲ मानेका छन् ।

यता आएर सन् 1930–को दशकतिर गान्तोक, पूर्व सिक्किमका निवासी लालबेहेरी पुलामी मगर सिक्किमका बाउन्न (52) ठेकेदार र काजीहरूमाथिका टाउके थिए । उनले सिक्किमभरिका ठेकेदार र काजीहरूको हिसाब–किताब जाँच गर्थे। लालबेहेरी बाबु आए भनेपछि उनीहरू लग्लग हुन्थे।

सिक्किमको राजशासनमा राजाहरू आफ्ना सहयोगी, सामन्त शासक काजी–ठेकेदार र मण्डल–कार्बारीहरूले जनताप्रति गरेको शोषणबारे प्रायः अनभिज्ञ रहन्थे। झार्लाङ्गी, कालो भारी, कुरूवा, बेठी, अत्याधिक धुरी खजना, दास प्रथा,चाकरी–चुक्ली, जमीन्दारी प्रथा जस्ता जनविरोधी प्रथाहरूले जनता अति पिरोलिए । यी कुप्रथाहरूलाई जरैदेखि उखेली फेंक्ने अभियानमा थुप्रै पार्टीहरू गठन भए। सभाहरू डाकिए। आन्दोलन भयो। राजनैतिक उथल–पुथल भयो। आन्दोलनमा सक्रिय भूमिका निभाउने मगरहरूमा ढाँड़–गाउँ आसाङथाङका भद्रु मगर (आले), बलबीर थापा (केप्छाकी), पुरानो नाम्चीका कृष्णदास मगर र. गान्तोकका रश्मिप्रसाद आले मगर प्रमुख थिए । लामो आन्दोलनपछि सन् 1949 मा सिक्किममा श्री चन्द्रदास राईको नेतृत्वमा

पाँच सदस्यीय मन्त्री परिषद् गठन भयो। त्यस मन्त्री परिषद्मा रश्मिप्रसाद आले भूराजस्व र बन विभागका मन्त्री भए तर त्यो मन्त्री परिषद् मात्र 29 दिनसम्म चलेपछि बर्खास्त भयो।㊳ स्व० आले नै प्रथम व्यक्ति हुन् जसले सिक्किममा नेपाली र अंग्रेजी भाषाको प्रचार–प्रसार गरे। अशिक्षित, गरीब–निमुखाहरूको सेवा गरे । भारतको स्वतन्त्रतापछि सिक्किमका तत्कालीन महाराजा सर टाशी नामग्याल र युवराज पाल्देन थोण्डुप नामग्यालको पुनीत जन्म दिवस मनाउने परम्परा पनि राजधानी गान्तोकमा उनले नै बसाए ।

'लो–मेन–चोङ–सुम' सन्धि र लिम्बूहरूको इतिहास एवं चिनारी र राजनैतिक अधिकारको सुरक्षाका लागि अन्तिम राजा पाल्देन थोण्डुप नामग्यालले सिक्किम परिषद्मा सन् 1966 मा एउटा 'चोङ सीट'–को मान्यता दिए जुन सीट 8 मई, 1973 को सिक्किमका छोग्याल, भारत सरकार र सिक्किमका तीन प्रमुख राजनैतिक दलहरूमाझ भएको त्रिपक्षीय सन्धिमा हटाइयो।㊴ त्यतिबेला त्यसरी 'चोङ' सीटको आरक्षण दिइँदा लिम्बूहरूको मात्र प्रतिनिधित्व भयो । त्यहाँ मगरको पनि प्रतिनिधित्व हुनु पर्थ्यो किनभने अघिबाटै 'चोङ' शब्द मगर र लिम्बूहरूको पर्यायवाची शब्द थियो । त्यहाँ मगरहरूको अस्तित्व र चिनारी माथि ठूलो प्रश्न–चिन्ह लगाइयो । आफ्नो हक र अधिकारको लागि बोल्न असमर्थ बनेका मगरहरूको राजनैतिक अधिकारको हनन भएको थियो ।

सन् 1973 को प्रजातान्त्रिक जन–आन्दोलनमा थुप्रै मगरहरूले सक्रिय भूमिका निभाए। तीमध्ये भद्रु आले मगर, बलबीर थापा 'केप्छाकी' मगर अनि कृष्णदास मगर धेर सक्रिय थिए । अरू पनि धेरै मगरहरूले त्यस आन्दोलनमा भाग लिए, तर उनीहरू पर्दापछाड़ि नै रहे ।

त्यसपछि सिक्किमको राजनैतिक पर्दाबाट मगरहरूको दृश्य धेरै वर्ष हरायो । सन् 1984 देखि 1988–सम्म दक्षिण सिक्किमस्थित जोर्थांग निवासी

श्री नीलकमल थापा तत्कालीन सत्ताधारी सिक्किम संग्राम परिषदको सरकारमा 'सिक्किम दूध उत्पादक समिति' (Sikkim Milk Union)– का अध्यक्षका रूपमा मनोनित भए । तर त्यस सरकार र श्री थापाको अध्यक्षीय अवधिमा मगरहरूको उल्लेखनीय विकास केही भएन।

यता आएर धेरै समयपछि सन् 1994–को विधान सभा चुनावमा वर्तमान मुख्यमन्त्री श्री पवनकुमार चाम्लिङको नेतृत्वमा सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टीबाट श्री दलबहादुर थापा मगर पूर्व सिक्किमको लोसिङ–पाचेखानी क्षेत्रबाट विजयी भए। सिक्किमको इतिहासमा मगर समुदायबाट प्रथम निर्वाचित विधान सभा सदस्य भईकन उनले सन् 1999–सम्म यातायात तथा परिवहन विभागका मन्त्री पद् सम्हाले ।

सिक्किम प्रजातान्त्रिक मोर्चा सत्तामा आएपछि सिक्किमका विभिन्न जाति–उपजातिहरूले आफ्नो जाति, भाषा, लिपि, भेष–भूषा र पारम्परिक संस्कृतिहरूको संरक्षण र सम्बर्द्धन गर्ने स्वच्छ, स्वतन्त्र र अनुकूल वातावरण पाए। यही सरकारको कार्यकालमा राई ,तामाङ, गुरूङ, शेर्पा, नेवार, मुखिया जस्ता भाषाहरूसित मगर भाषाले पनि 27 मार्च, 1996–को दिन सिक्किममा राज्य भाषाको दर्जा प्राप्त गर्‍यो। यसरी राज्य भाषाको रूपमा मान्यता प्राप्तिपछि लगत्तै सिक्किम विधान सभामा सहायक अनुवादकको पद सृजना गरी सुश्री अबीमाया थापा मगरलाई मगर भाषाको प्रथम सह अनुवादक नियुक्त गरियो। भाषा–साहित्यको विकासको निम्ति सरकारबाट वर्षेनी अनुदान राशि पनि प्राप्त हुन्छ । सन् 2002 सालदेखि यता मगर भाषा र लिपिमा सिक्किम हेरल्ड पनि नियमित रूपमा प्रकाशित भइरहेको छ । श्री विष्णु राना मगरले यसको सम्पादन एवं लेखनको कार्यभार सम्हाल्दै आएका छन् ।

वर्तमान सिक्किम संरकारमा मगर जातिबाट कुनै निर्वाचित विधायक छैन। यद्यपि मगर समुदायको प्रतिनिधिस्वरूप गान्तोक निवासी श्री योधबहादुर

थापा मगर सिक्किम बैंकका मनोनित अध्यक्षका रूपमा कार्यरत छन् । उनी आफ्नो जाति,समाज र राज्यको निरन्तर सेवामा समर्पित छन्।

सिक्किमवासी सम्पूर्ण मगर जातिलाई संस्थामार्फत् एक सूत्रमा बाँधी जातीय र युगीन सचेतना दिन सन् 1979 मा गान्तोकबाट श्री कैजरबहादुर थापा र सन् 1991–मा दक्षिण–पश्चिम सिकिकमबाट श्री बी० बी० राना र श्री सन्तोष आले मगरहरूले जमर्को कसे तापनि त्यसताकको राजनैतिक वातावरण प्रतिकूल भएकोले उनीहरू सफल भएनन्। सन् 1993 मा पूर्व सिक्किमबाट श्री गोविन्द थापा मगरको अध्यक्षतामा 'अखिल सिक्किम मगर संघ' गठन भयो । युवा सचिव श्री जसबहादुर थापा र सहयोगी श्री जीवन थापा दिन–रात एक गरी समाजको सेवामा लागे। यस संघको संस्थापक केन्द्रीय कार्यकारिणी समितिको प्रथम पाँच वर्षे कार्यकाल सिद्धिएपछि नयाँ कार्यकारिणी समितिको निम्ति चुनाउ सम्पन्न भयो। यसपल्ट पनि श्री गोविन्द थापा नै अध्यक्ष निर्वाचित भए भने श्री वाइ० बी० थापा महासचिवका पदमा निर्वाचित भए । अध्यक्ष श्री गोविन्द थापा र महा सचिव श्री वाइ० बी० थापा (योधबहादुर थापा)–को नेतृत्व र अथक प्रयासमा यो संघ सिक्किमेली मगरहरूको सेवा र उत्थान कार्यमा समर्पित रह्यो। वर्तमान नवनिर्वाचित अध्यक्ष श्री योधबहादुर थापा र महासचिवद्वय श्री असल थापा र श्री हरिप्रसाद थापाको कुशल नेतृत्वमा पनि यो संघ द्रूत गतिमा अघि बढ़िरहेछ।

कुनै समय यही भूमिको सुरक्षामा सर्वस्व न्यौछावर गर्ने मगरहरू अहिले लुप्तप्राय: र निम्न स्थितिमा छन्। सिक्किममा प्रथमपल्ट सन् 1891–मा सरकारी तहबाट जनगणना गरियो। त्यस जनगणनाअनुसार त्यस समय मगरहरूको जनसंख्या लगभग निम्न अनुसार थियो।

| (पुरूष | महिला | नानी | कुल) ⑩ |
|---|---|---|---|
| 363 | 346 | 192 | 901 |

(41)

त्यसपछि सन् 1921– मा मगरहरूको जनसंख्या जम्मा 4194 देखाइएको छ। त्यहाँदेखि यता भएको जनगणनामा मगर जातिको छुट्टै जनसंख्या देखाइएको छैन तर सन् 1998–99 को मतदाता सूची (Voter's List)–अनुसार सिक्किममा मगरहरूको समष्टीगत मतदाताहरूको संख्या निम्न प्रकारले दिइएको छ ।

| समष्टी | मतदाताहरूको संख्या | प्रतिशतमा |
|---|---|---|
| 1. च्याखुङ | 826 | 16.35% |
| 2. जोर्थाङ | 548 | 10.85% |
| 3. दामथाङ | 494 | 9.78% |
| 4. लोसिङ–पाचेखानी | 418 | 8.27% |
| 5. टासिडिङ | 400 | 7.92% |
| 6. मल्ली | 367 | 7.26% |
| 7. रातेपानी | 244 | 4.83% |
| 8. रिगू | 207 | 4.10% |
| 9. वक | 177 | 3.50% |
| 10. खाम्दोंङ | 160 | 3.17% |
| 11. रूम्तेक | 154 | 3.05% |
| 12. आसाम लिङ्जे | 143 | 2.83% |
| 13. मार्ताम | 103 | 2.04% |
| 14. राङ्का | 102 | 2.02% |
| 15. रिञ्चेबुङ | 91 | 1.80% |
| 16. बर्मेक | 81 | 1.60% |
| 17. सेण्ट्रल पाण्डाम | 71 | 1.41% |
| 18. रिनोक | 61 | 1.21% |
| 19. गान्तोक | 61 | 1.21% |
| 20. पाथिङ | 56 | 1.11% |

| | | |
|---|---|---|
| 21. रालोङ | 51 | 1.01% |
| 22. तिमी–तार्कू | 48 | 0.95% |
| 23. गेजिङ | 43 | 0.85% |
| 24. दरम्दिन | 42 | 0.83% |
| 25. कबी–तिङदा | 35 | 0.69% |
| 26. सोरेङ | 33 | 0.65% |
| 27. राक्दोङ तिन्तेक | 25 | 0.49% |
| 28. लाचेन माङशिला | 07 | 0.14% |
| 29. योकसम | 02 | 0.04% |
| 30. जंगू | 02 | 0.04% |
| 31. देन्ताम | 00 | 0.00% |
| 32. संघ | 00 | 0.00% |
| | कुल : **5052** | **100.00%** |

उक्त मतदाता सूचीअनुसार मतदाताहरूको संख्यामा राई, छेत्री, भोटिया, लेप्चा, लिम्बू, बाहुन, गुरूङ, तामाङ, नेवार जातिहरू क्रमशः पहिलो दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं, सातौं, आठौं र नवौं हुँदै मगर मतदाताहरूको संख्या तेह्रौं स्थानमा आउँछ। यद्यपि मतदाता सूचीको संख्या सही नहुनसक्छ । मगरहरूले नामको पछि आफ्ना थर आले, राना, घले वा थापा आदि लेख्ने गर्छन् र यीमध्ये कति थरहरू गुरूङ, छेत्रीहरूमा पनि पाइन्छन् । फलस्वरूप, गणना गरिंदा कति मगरहरूलाई अन्य जातिभित्र समावेश गरिएको हुनसक्छ भन्ने कुरामा धेर सम्भावना देखिन्छ । त्यसोसले, मतदाताहरूको संख्या पनि थोरै देखाइएको छ ।

हरेक जनगणनाको तथ्यांकअनुरूप जुन जनसंख्या वृद्धि दर छ त्यसलाई आधार मानेर हेर्ने हो भने सन् 1921 को 4194 मगरहरूको जनसंख्या आज आएर कमभन्दा कम 16,000 हुनुपर्ने भन्ने अनुमान लाग्दछ । तर यसतर्फ सही जनगणना हुन आवश्यक छ । सिक्किमको परिप्रेक्ष्यमा

अल्पसंख्यक एवं लुप्तप्राय यी मगरहरू उत्तिकै पछि परेका छन् शैक्षिक, आर्थिक, राजनैतिक अनि सामाजिक क्षेत्रहरूमा ।

हिजआज मगरहरू विशेषत: पश्चिम सिक्किममा काम्लिङ, सुल्डुङ, तिञ्जेरबुंग, ताकुथाङ, माबोङ, खानीशिरबुंग, सोरेङ–बुदाङ, रिब्दी, बर्थाङ, बर्फोक, बर्मेक, धुप्पी डाँडा, कर्जी, माङ्नाम, दक्षिण सिक्किममा वक, माम्ले, काम्राङ, आसाङथाङ, आहाले, ढाँड़ गाउँ, सालघारी, रामाबुङ, रोङ, मुङ्राम, किताम, कटेङ–मंगरजुङ, चिया डाँड़ा, फाली–डाँड़ा, मनिराम भञ्ज्याङ र पूर्व सिक्किममा कदमताम, पाचेखानी, सुवाने डाँड़ा, रंगेली, सुदुङलाखा (कोप्चे), रिनोक–रेशी, पश्चिम पाण्डाम, दोछुम, माखा अनि गान्तोकवरिपरि छरपष्टिएर बसेका छन्। प्रागैतिहासिक कालमा लाप्चे (लेप्चा) र लिम्बूहरू सरह सिक्किममा राजकाज गर्दै आउने मगरहरू आजको यो मोड़मा आइपुग्दा औंलामा गन्न सकिने सरकारी कर्मचारीहरूबाहेक अधिकतर भीर–पहरा, ढाँड–खोंड़तिर नै कृषिमाथि निभर्र रहेर येनकेन जीवन निर्वाह गर्ने गर्छन् ।

बर्षौंअघि नै अनुसूचित जनजातिको दर्जा प्राप्त गरी यतिञ्जेल माथि उठिसक्नु पर्ने सरलता र सोझोपनका धनी मगरहरूसित नबोल्नेको चामल पनि नबिकेको कथा चरितार्थ भएको छ। यद्यपि मण्डल आयोग (ओ० बी० सी०) लागू गरिएपछि मगरहरूले पनि अन्य पछौटे वर्गको श्रेणीमा समावेश हुने अवसर पाई थुप्रै सहूलियतहरू पाउन सकेका छन्।

## सन्दर्भ सूची :


① श्री बी० बी० सुब्बा (मुरिङला), ***हिजको सिक्किम*** (अप्रकाशित), पृष्ठ 2 - 3

② नयनछिरिङ लेप्चा, ***सिक्किम एक खोज,*** 'स्रष्टा' वाङ्मय बिशेषांक, वर्ष: 10, अंक: 25, पृष्ठ 119

③ डा० हर्षबहादुर बुडा मगर, ***मगर र मग्यारः पुर्ख्यौलीको खोजीमा,*** पृष्ठ 6

④ Dr. Chaitanya Subba, **The Culture and Religion of Limbus**, P. 22

⑤ Dr. Chaitanya Subba, **The Culture and Religion of Limbus**, P. 22

⑥ H.H. Risley, **The Gazetteer of Sikkim** (Ancient Boundaries) P. 2

⑦ Ditto, P. 2

⑧ J. R. Subba, **Lho-Men-Tsong-Sum: A Tripartite Treaty**, **EMEYTNASUNG** (Limboo) 2001, P. 118

⑨ Iman Singh Chemjong, **History and Culture of the Kirat People**, P. 73

⑩ Ditto, P.P. 70-71

⑪ धर्मप्रसाद श्रीस (थापा), ***मगरांती संस्कृति (ऐतिहासिक पृष्ठभूमि),*** पृष्ठ 62 - 63

⑫ Tilak Pradhan, **Ancient Mangars of Indrakil**, **GANGTOK TIMES**, Vol.1, No.11, 9-15 November, 1996, P. 4

⑬ Ditto, P. 4

⑭ ***सिक्किम क्षेत्रीय भाषा संस्कृति संगालो,*** 1998, पृष्ठ 33-34

⑮ Iman Singh Chemjong, **History and Culture of the Kirat People**, P. 75

⑯ महानन्द पौड्याल, पत्रिका ***चाँप गुराँस,*** अक्टोबर, 1973

⑰ धरणीधर दाहाल, ***सिक्किमको राजनैतिक इतिहास,*** पृष्ठ 3

⑱ जय धमाला, ***सिक्किमको इतिहास,*** पृष्ठ 28 र 31

⑲ धरणीधर दाहाल, ***सिक्किमको राजनैतिक इतिहास,*** पृष्ठ 5

⑳ H. H. Risley, **The Gazetteer of Sikkim**, P. 9

(21) बी० बी० सुब्बा (मुरिङला), ***हिजको सिक्किम*** (अप्रकाशित), पृष्ठ 7–8

(22) Maharaja Sir Thutop Namgyal and Maharani Yeshey Dolma, **History of Sikkim**, P. 28/
**Sikkim Coronation** (Chapter 'Coronations of Sikkim')

(23) ***सिक्किमको इतिहास,*** पृष्ठ 35, तेस्रो श्रेणीका निम्ति शिक्षा विभाग पुस्तक निर्माण शाखा, सिक्किम सरकारद्वारा 1965–66 भन्दा अघि तयार पारिएको हस्तलिखित पाठयपुस्तक

(24) **History of Democratic Movement**, Edition 2002, P. 13, Published by Information and Public Relations Department, Govt. of Sikkim

(25) Ditto, P.P. 13-14

(26) H.H. Risley, **The Gazetteer of Sikkim**, P.P. 10 & 38

(27) Eden Vansittart, **Gurkhas,** P.P. 84-86

(28) Northey & Morris, **The Gurkhas,** P. 188

(29) बुलु मुकारूङ, ***सिक्किम र सिक्किमका व्यक्तित्वहरू,*** पृष्ठ 3

(30) **Sikkim: A Concise Chronicle**, P. 9, Published from Sikkim Darbar

(31) Maharaja Sir Thutop Namgyal & Maharani Yeshey Dolma, **History of Sikkim**, P. P. 62-63 /
**Sikkim: A Concise Chronicle**, P. 10

(32) Sir Thutop Namgyal & Yeshey Dolma, **History of Sikkim**, P.P. 65-66

(33) Iman Singh Chemjong, **History and Culture of the Kirat People**, P.P. 75-76

(34) J.D. Hooker, **Himalayan Journal**, Vol. I, 4th Indian Reprint, P. 130, First Published, 1855

(35) Sumar Raj Timsina, **Nepali Community in India, The Sikkimese,** Vol. I, No. XIV, Gangtok, Monday 23-29 November, 1998, p. 22

(36) Rajesh Verma, **Sikkim: A Guide and Handbook**, P. 71

(37) बालकृष्ण श्रेष्ठ 'जिज्ञासु', ***सिक्किममा शिक्षाको प्रसारण***, **'स्रष्टा'** वाङ्मय बिशेषांक, वर्ष: 10, अंक: 25, पृष्ठ, 306

(38) **History of Democratic Movement**, Edition 2002, P. 23, Published by I. P. R. Deptt., Govt of Sikkim

(39) Bhuddhilal Khamdak, **The Sikkimese Limboos: Their Brief History and Culture, EMEYTNASUNG** (Limboo), 2001 (Edited by Harka Khamdak), P. P. 112-113

(40) H. H. Risley, **The Gazetteer of Sikkim**, P. 27,
First Published 1894

(41) **People of India 'Sikkim'**, P. 118, Vol. No. XXXIX, Chief Editor- K.S. Singh, Published by Anthropological Survey of India, Calcutta 1993